# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## कनकाई नगरपालिका

## झापा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं.१**

पत्र संख्याः २०७८।७९
च.नं.३८७

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
कनकाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
झापा ।

**कैफियतसहितको राय**

हामीले कनकाई नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू.८ करोड ४४ लाख ८७ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.५१ लाख ८२ हजार फस्यौंट भई बाँकी बेरुजु रु.७ करोड ९३ लाख ५ हजार कायम भएकोमा असुल गर्नुपर्ने रू. ८६ लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८२ लाख १ हजार, नियमित गर्नुपर्ने रू. ३ करोड ६८ लाख २२ हजार र पेश्की रु. ५५ लाख ८९ हजार रहेको छ । नगरपालिकाको गत वर्षको रु.२ करोड ६४ लाख ६६ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ७३ लाख रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# कनकाई नगरपालिका, झापा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४४ | १२८ | ८४४८७ | ० | ८ | ५१८२ | ४४ | १२० | ७९३०५ | ८६९३ | ३६८२२ | २८२०१ | ० | ० | ६५०२३ | ५५८९ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | २६४६६ | ० | ८४७१ | १७९९५ | ० | ७९३०५ | ९७३०० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कन्काई नगरपालिका, झापा , कन्काई नगरपालिका , झापा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन प्रसाद न्यौपाने | २०७७-५-२८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रुद्र प्रसाद न्यौपाने | २०७७-४-१ | |
| लेखा प्रमुख | भुपेन्द्र दाहाल | २०७७-४-१ | |
| लेखा प्रमुख | भुपेन्द्र दाहाल | २०७७-४-१ | २०७८-६-१३ |
| | | **बेरुजु रकम** | ८४,४८६,९७१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १०,००,३६,०२०.६५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४,२४,७९,६७२ | **चालु खर्च** | २८,६८,२८,२११.९२ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७४,२२,००० | **पूँजीगत खर्च** | ३४,६३,०७,६०५.०८ |
| **राजश्व बाँडफाँट** | ३,८७,२१,९१९.५३ | **वित्तीय/अन्य व्यवस्था** | २०,१६,१३,१३९ |
| **आन्तरिक आय** | १५,५०,११,०६७.३१ | | |
| **अन्य आय** | २१,७७,३६,५१२.१५ | | |
| **कुल आय** | ८७,१३,७१,१७०.९९ | **कुल खर्च** | ८३,४७,४८,९५६ |
| **बाँकी मौज्दात** | | १३,६६,५८,२३५.६४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न कनकाई नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस नगरपालिका अन्तर्गत ९ वडा, नगरसभा सदस्य ४८ जना, ७९.१ व.कि.मी. क्षेत्रफल, ४७१४६ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ । | |
| २ | | | **वित्तीय विवरण विश्लेषण** | |

प्राप्ती भुक्तानी हिसाव

२०७७ श्रावण १ देखि २०७८ आषाढ ३२ सम्म

| विवरण | टिप्पणी | यो वर्ष (रु) | | | | गत वर्ष (रु) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| १ | २ | ३ | ४ | ५ | ६= ४ +५ | ७ | ८ | ९= ७ +८ |
| प्राप्ती (क+ख) | | ८७१३७११७०.९९ | ८७१३७११७०.९९ | ०.०० | ८७१३७११७०.९९ | ०.०० | ०.०० | ०.०० |
| क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६५३६३४६५८.८४ | ६५३६३४६५८.८४ | ०.०० | ६५३६३४६५८.८४ | ०.०० | ०.०० | ०.०० |
| ११००० कर राजश्व | ११ | १५५०११०६७.३१ | १५५०११०६७.३१ | ०.०० | १५५०११०६७.३१ | ०.०० | ०.०० | ०.०० |
| १३००० अनुदान | | | | | | | | |
| संघीय सरकारबाट प्राप्त | १२ | ४४२४७९६७२.०० | ४४२४७९६७२.०० | ०.०० | ४४२४७९६७२.०० | ०.०० | ०.०० | ०.०० |
| प्रदेश सरकारबाट प्राप्त | १२ | १७४२२०००.०० | १७४२२०००.०० | ०.०० | १७४२२०००.०० | ०.०० | ०.०० | ०.०० |
| १४००० अन्य राजस्व (गैर कर) | ११ | ३८७२१९१९.५३ | ३८७२१९१९.५३ | ०.०० | ३८७२१९१९.५३ | ०.०० | ०.०० | ०.०० |
| १५००० बेरूजु | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३३००० दायित्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ऋण तथा अन्य श्रोतबाट | १३ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| वितरण गर्न बाकी राजस्व | १४ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख.अन्य प्राप्ति | | २१७७३६५१२.१५ | २१७७३६५१२.१५ | ०.०० | २१७७३६५१२.१५ | ०.०० | ०.०० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | १५ | १५३१०५९६.९० | १५३१०५९६.९० | ०.०० | १५३१०५९६.९० | ०.०० | ०.०० | ०.०० |
| धरौटी | १५ | ४७१६३८६६.२५ | ४७१६३८६६.२५ | ०.०० | ४७१६३८६६.२५ | ०.०० | ०.०० | ०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | १५५२६२०४९.०० | १५५२६२०४९.०० | ०.०० | १५५२६२०४९.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ०.०० | ८३४७४८९५६.०० | ०.०० | ८३४७४८९५६.०० | ०.०० | ०.०० | ०.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ०.०० | ६३३१३५८१७.०० | ०.०० | ६३३१३५८१७.०० | ०.०० | ०.०० | ०.०० |
| २१००० पारिश्रमिक सेवा सुविधा | १८ | | १७१९११६५९.५१ | ०.०० | १७१९११६५९.५१ | ०.०० | ०.०० | ०.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | | ६८२९६९२२.४१ | ०.०० | ६८२९६९२२.४१ | ०.०० | ०.०० | ०.०० |
| २४००० ब्याज, सेवा शुल्क, बैंक कमिशन | १८ | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २५००० सहायता (सब्सिडी) | १८ | | ४०८३५८६०.०० | ०.०० | ४०८३५८६०.०० | ०.०० | ०.०० | ०.०० |
| २६००० अनुदान | १८ | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | | ५३८८०००.०० | ०.०० | ५३८८०००.०० | ०.०० | ०.०० | ०.०० |
| २८००० अन्य खर्च | १८ | | ३९५७७०.०० | ०.०० | ३९५७७०.०० | ०.०० | ०.०० | ०.०० |
| ३१००० पूँजीगत खर्च | १८ | | ३४६३०७६०५.०८ | ०.०० | ३४६३०७६०५.०८ | ०.०० | ०.०० | ०.०० |
| ३२००० वित्तिय सम्पत्ति | १८ | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| घ. अन्य भूक्तानी | | ०.०० | २०१६१३१३९.०० | ०.०० | २०१६१३१३९.०० | ०.०० | ०.०० | ०.०० |
| धरौटी तथा कोषहरुबाट | १५ | | ४६३५१०९०.०० | ०.०० | ४६३५१०९०.०० | ०.०० | ०.०० | ०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | | १५५२६२०४९.०० | ०.०० | १५५२६२०४९.०० | ०.०० | ०.०० | ०.०० |
| ङ.यो वर्षको बचत (न्युन) [प्राप्ती-भुक्तानी] | | | ३६६२२२१४.९९ | ०.०० | ३६६२२२१४.९९ | ०.०० | ०.०० | ०.०० |
| च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०००३६०२०.६५ | ०.०० | १०००३६०२०.६५ | ०.०० | ०.०० | ०.०० |
| वर्षान्तको बाकी रकम (ङ+च) | | | १३६६५८२३५.६४ | ०.०० | १३६६५८२३५.६४ | ०.०० | ०.०० | ०.०० |
| बैंक तथा नगद बाकी | २४ | | १३६६५८२३५.६४ | ०.०० | १३६६५८२३५.६४ | ०.०० | ०.०० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **असुली**<br>लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपलब्ध गराएपछि रु.१७७४१५/- असुल भई दाखिला भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | विभिन्न | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाले यस वर्ष सम्म आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन । आन्तरिक नियन्त्रण प्रणाली लागु नगरेकोमा देखिएका अन्य व्यहोराहरुः<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको पाईएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन<br>• कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा नगरेको<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा गरेको पाईएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन ।<br>• अधुरा आयोजनाको समिक्षा सबै अधुरा आयोजनाहरुको अभिलेख एकिकृत गरी अद्यावधिक गरेको पाईएन ।<br>• सबै खाताको बैंक हिसाब मिलान विवरण तयार गरी अद्यावधिक गरिएको पाईएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **अभिलेख व्यवस्थापनः** | |
| ५.१ | विभिन्न | | **सूचना प्रविधि पद्धतितर्फः म**हालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाको स्वामित्व र नियन्त्रणमा रहेको सूचना प्रविधि सम्बन्धि विवरण लेखापरीक्षणमा पेश नभएकोले यस सम्बन्धमा एकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | विभिन्न | | **मर्मत अभिलेखः म**हालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । सवारी साधन र मेशिन प्रयोगकोअभिलेख राख्न म. ले. प. फाराम ९०५ को(सवारी साधन र मेशिन प्रयोगको लगबुकको)व्यवस्था भएकोमा पालिकाले उल्लेखित ढाँचामा सवारी साधन र मेशिन प्रयोगको अभिलेख अद्यावधिक राख्ने गरेको पाईएन । नियमको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ५.३ | विभिन्न | | **भ्रमण अभिलेखः** महालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । भ्रमण खर्चको अभिलेख राख्न म.ले.प फारम नं.९०७(दैनिक कार्य सम्पादन विवरण), म.ले.प फारम नं.९०८(भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता) र म.ले.प फारम नं.९०९(भ्रमण प्रतिवेदन ढाँचा) को व्यवस्था रहेकोमा अभिलेख अद्यावधिक राखेको पाईएन । कानूनको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५.४ | विभिन्न | | **बेरुजु लगतः म**हालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन । नियमको व्यवस्थाको पालना गरि लगत अद्यावधिक गर्नुपर्दछ ।<br>म. ले. प. फाराम ८०१ — बेरुजु लगत<br>म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन<br>म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत<br>म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन<br>म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख खाता | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td>विभिन्न</td><td></td><td>

**धरौटीतर्फः**

**धरौटी फिर्ताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्शन मनि फिर्ता भुक्तानी गर्दा पालना गर्नुपर्ने नियम सम्बन्धमा व्यवस्था छ ।आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र, मू.अ.कर समायोजन समेतको प्रमाण र संयुक्त उपक्रमको हकमा आय विवरण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारका निर्माण व्यवसायी लगायत विक्रेताको धरौटी फिर्ता गर्दा सो अनुसार नगरी फिर्ता गरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु...२५६४०२०/-

<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>धरौटी रकम</th><th>कैफियत</th></tr>
<tr><td>६४।२०७८।३।२६</td><td>गैंडे निर्माण सेवा</td><td>६९९४२०</td><td>गतको डबल आम्दानी देखाएकोले हि.मि जनाई चेक नं ९८९३१३७० बाट रकम भुक्तानी दिएकोमा राजश्व खातामा जम्मा गरेको भौचर श्रेस्ता साथ संलग्न नभएको</td></tr>
<tr><td rowspan="4">६७।२०७८।३।२६</td><td>एस वि डी कन्सट्रक्सन</td><td>२१०६००</td><td rowspan="4">गत आवमा हि.मि भएकोले मात्र उल्लेख गरी धरौटी खाताबाट खर्च लेखांकन गरेकोमा भिडानको प्रमाण पेश हुनुपर्ने</td></tr>
<tr><td>केशरी चन्द भाँवरलाल</td><td>३५४०००</td></tr>
<tr><td>अविन ट्रेड एण्ड सप्लायर्स</td><td>८०००००</td></tr>
<tr><td>चाँदनी निर्माण सेवा</td><td>५०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२५६४०२०</td><td></td></tr>
</table>

**जिम्मेवारी फरक परेको** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ मा धरौटी कारोवारको लेखा सम्बन्धमा व्यवस्था छ । उक्त नियमको उपनियम १ मा कार्यालयले आफ्नो नामबाट कोलेनिकामा जम्मा भएको धरौटी रकमको व्यक्तिगत धरौटी खाता र गोश्वारा धरौटी खाता अद्यावधिक गरी अभिलेख राख्नुपर्ने भनी व्यवस्था रहेकोमा दुवै अभिलेख राखेको पाईएन । साथै उपनियम २ मा कार्यालयको एक आर्थिक वर्षमा बाँकी रकम अर्को आर्थिक वर्षको लागि जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । पालिकाको आ.व २०७६।७७ को अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार उक्त वर्षको धरौटीतर्फको अन्तिम मौज्दात रकम रु.५३४८२८६/- कायम भएकोमा चालु बर्षको शुरुमा रु.१२८२१४०९।८१ जिम्मेवारी सारेको देखियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा बढी जिम्मेवारी सारेकोमा हिसाब मिलान विवरण पेश गरेको छैन ।

</td><td>२,५६४,०२०</td></tr>
<tr><td>७</td><td>२४९</td><td>२०७८-३-२३</td><td>

**पाठ्यपुस्तकः**

शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कृयाकलाप नं २.४.६.१ अनुसार गत वर्षको IEMIS को आधारमा दोश्रो चौमासिकभित्र ७५ प्रतिशत रकम निकासा दिनुपर्ने र नयाँई.मि.सप्राप्त भएपछि विद्यार्थी संख्या यकिन गरी विद्यालयले पुस्तक खरिद गरेको विल भरपाईको आधारबाट तथ्याङ्क सत्यापन गरी थप पाठ्यपुस्तकको रकम निकासा दिनुपर्ने व्यवस्था भएकोमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रको च.नं.३९५, मिति२०७८।२।२५ को को परिपत्रानुसार कोविड-१९ को कारण शैक्षिक सत्र २०७८ को IEMIS तयार नभएकोले पुरै रकम निकासा पठाउन निर्देशन भएको छ । पालिकाले उल्लेखित मिति र भौचरबाट पाठ्य पुस्तकबापतको पुरै रकम रु.३०१७७६०/- (३ विद्यालयको कक्षा ११ र १२ को रु.५००००/-को दरले छत्रवृत्ति बापत कुल रु.१५००००/-समेत)निकासा पठाएको छ । विद्यार्थी भर्ना संख्याको आधारमा मात्र निकासा दिनुपर्ने उक्त थप रकम शैक्षिक सत्र २०७८ को अद्यावधिक IEMIS बेगर निकासा गरेकोले तपसिलको विद्यालयलाई थप निकासा दिई खर्च गरेको सम्बन्धमा सत्यापन गरी विद्यार्थी संख्या एकिन गरेको प्रमाण पेश हुनुपर्ने रु...

</td><td>२,८६७,७६०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्रसं | विद्यालयको नाम | निकासा भएको रकम |
|---|---|---|
| १ | आदर्श विद्या मन्दिर मावि | २२५१७० |
| २ | पशुपति प्रा वि | २६७२० |
| ३ | सरस्वती मावि | २०१६४० |
| ४ | भृकुटी मावि | ३८९१३० |
| ५ | हिमाली मावि | २८५१३० |
| ६ | चम्पापुर मावि | १९०३७० |
| ७ | कन्काई गायत्री प्रा वि | ७८१३० |
| ८ | कनकाई मावि | ८६७४३० |
| ९ | जानकी आवि | ११५३१० |
| १० | देवकोटा प्रावि | ३९५०० |
| ११ | सिंहदेवी आवि | २०२०६० |
| १२ | जनचेतना आवि | ९३०७० |
| १३ | भगवती आवि | १३१३२० |
| १४ | पञ्चकन्य प्रावि | २२७८० |
| | **जम्मा** | **२८६७७६०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **अनुगमन मूल्यांकन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा सामुदायिक विद्यालयलाई निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाईएन । मापदण्ड तयार गरी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ ध्यान पुर्‍याउन जरुरी देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>कानून निर्माण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस पालिकाले हालसम्म ९ ऐन, २ नियमावली ४० कार्यविधी र ३ मापदण्ड समेत कुल ५४ कानून एवं कार्यविधी निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायीक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १२ वटा मुद्दा र यस बर्ष विभिन्न विषयका ७७ वटा समेत ८९ वटा विवाद दर्ता भएकोमा ५४ वटा विवाद फछ्र्यौट भई ३५ वटा विवाद फछ्र्यौट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिती<br>कार्यालयले प्रदान गर्ने सेवाको मूल्याङ्कन प्रतिवेदन तथा विवरण माग गरिएकोमा सो पेश हुन आएन । यस बारे थप विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>अन्य निकायको खर्च<br>पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले यस वर्ष देहायका सरकारी कार्यालयहरुलाई निवेदनको आधारमा पटक पटक सवारी साधन मर्मत, मसलन्द तथा सामग्री खरिद, गाडी भाडा टि.भि. लगायतका सामग्री खरिद गरी तथा बिल भरपाई पेश गरी रु. ४०५५९६/- भुक्तानी दिएको छ । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेतअसर पर्ने देखिन्छ । बजेट व्यवस्था भई सञ्चालित कार्यालयहरुको खर्च पालिकाले समेत गर्दा खर्चमा दोहोरो पन भए नभएको एकिन गर्न सकिएन । अन्य सरकारी कार्यालयहरुको खर्च ति तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>भौ नं र मिति</th><th>कार्यालयको नाम</th><th>खर्च विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>२२-०७७।६।१९</td><td>शस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट</td><td>सवारी साधन मर्मत</td><td>३५०००</td></tr>
<tr><td>५९-०७७।६।२८</td><td>इलाका प्रहरी कार्यालय</td><td>सवारी साधन भाडा</td><td>७७०००</td></tr>
<tr><td>५६७-०७८।३।२१</td><td>भूमिसुधार तथा मालपोत कार्यालय</td><td>मसलन्द तथा सामग्री</td><td>१९८५९६</td></tr>
<tr><td>६६१-०७८।३।२९</td><td>नापी कार्यालय</td><td>एल ई डि टि भि</td><td>९५०००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>पदाधिकारी यातायात सुविधा<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूचि-१ मा पदाधिकारीहरुलाई यातायात खर्च सम्बन्धी व्यवस्था गरेको छ । नमुना परीक्षणको क्रममा नगरपालिकाको जिन्सी अभिलेख अनुसार देहायका पदाधिकारीहरुले इन्धन तथा मर्मत सहितको मोटरसाईकल बुझिलिई सवारी साधन सुविधा लिएको र मासिक रुपमा यातायात खर्च समेत भुक्तानी भएको देखिएकोले दोहोरो सुविधा देखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>पदाधिकारीको नाम थर</th><th>गाडी नम्बर</th><th>मासिक दर</th><th>भुक्तानी महिना</th><th>भुक्तानी रकम कर घटाई</th></tr>
<tr><td>१</td><td>वडाध्यक्ष रोशनराज पोखरेल</td><td>मे ९ प १४९७</td><td>४५००</td><td>१२</td><td>५३४६०</td></tr>
<tr><td>२</td><td>वडाध्यक्ष लक्ष्मी प्रसाद ओली</td><td>मे १ ब ४६१</td><td>४५००</td><td>१२</td><td>५३४६०</td></tr>
<tr><td>३</td><td>वडाध्यक्ष प्रेम प्रसाद राजवंशी</td><td>मे १ ब ४६८</td><td>४५००</td><td>१२</td><td>५३४६०</td></tr>
<tr><td>४</td><td>वडाध्यक्ष लिला बहादुर कन्दङवा</td><td>मे १ ब ७४०</td><td>४५००</td><td>१२</td><td>५३४६०</td></tr>
<tr><td>५</td><td>वडाध्यक्ष प्रेम बहादुर कटुवाल</td><td>मे १ ब ७००</td><td>४५००</td><td>१२</td><td>५३४६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२६७३००</td></tr>
</table></td><td>२६७,३००</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु. ७५७०००/- खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ । साथै यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले कनकाई नगरपालिकाको आर्थिक सहायता सम्बनधी कार्यविधि, २०७७ बनाई यस वर्ष विभिन्न व्यक्ती तथा संघ संस्थाहरुलाई नगर प्रमुखको तोक आदेश अनुसार औषधी उपचार, क्षतिपूर्ति, दाह संस्कार, कार्यक्रम सञ्चालन लगायतका आर्थिक सहायता बापत रु. ७०००००/- वितरण गरेको देखियो । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>दरबन्दी<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेकोमा पालिकाले लेखापरीक्षण अवधिसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी गत विगत देखिनै शाखा महाशाखा खडा गरी कार्य सञ्चालन गरी रहेको छ । पालिकाको दरवन्दी सम्बन्धी एकिन गर्न सकिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यकोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले पालिका तर्फ ४८ जना कर्मचारी र स्वास्थ्य तर्फ २६ जना कर्मचारीहरु विभिन्न पदमा करारमा राखी कार्य सञ्चालन गरेको छ ।<br>त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पदवाहेक दरबन्दी भित्र वा वाहिरको गरी कानुन अधिकृत १, इन्जिनियर १, कृषि अधिकृत १, कार्यक्रम संयोजक १, कानूनी सल्लाहकार १, सामाजिक परिचालक २, अमिन ३, कम्प्युटर अपरेटर १, सि बि आर ४, खेलकुद ऐम्बासेडर १, सिकाई प्रशिक्षक २, गरी जम्मा १८ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. ४४६७०४०/- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु. | ४,४६७,०४० |
| १८ | | | **योजना छनौट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो व्यवस्था अनुसार योजना छनौट गरेको पाइएन । | |
| १९ | | | **जिम्मेवारी घटी सारेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । नगरपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा बाँकी रहेको रु. ११३४३६९००।६० यस वर्ष जिम्मेवारी सार्नु पर्नेमा रु. १०००३६०२०.६५ मात्र जिम्मेवारी सारेको देखियो । फरक परेको रु.१३४००८७९.९५ गत वर्षको धरौटी मौज्दात रु.५३४८२८६/- र अन्य कोष तर्फको रु.८०५२५९३.९५ समेत जम्मा रु.१३४००८७९.९५ देखिएकोले कार्यालयले गत वर्ष देखाएको उक्त दुवै मौज्दात रकमलाई यस वर्षको प्राप्ति भुक्तानी हिसाबको जिम्मेवारीमा समावेश नगरेकोले यथार्थ जिम्मेवारीमा फरक परेको छ । उक्त रकम भिडान गरी आम्दानी गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **पेश्की**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएका प्रकृया पूरा गरी पेश्की रकम तोकिएको अवधीमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले आषाढ मसान्त सम्म बाँकी रहेको निम्नानुसारको पेश्की असुल फर्स्योट हुनुपर्ने रु. | ५,५८८,५५० |

| नाम, थर | पेश्की लिएको मिति | पेश्की रकम |
|---|---|---|
| कमला विश्वकर्मा | २०७७।१०।७ | २१४८५० |
| कमला विश्वकर्मा | २०७८।२।२५ | ३६३००० |
| भोजराज आचार्य | २०७८।३।२५ | ६००००० |
| प्रजापती कृषि सहकारी संस्था लि. | २०७७।८।२५ | ११००००० |
| गोविन्द पौडेल | २०७७।८।२९ | ८५००० |
| खगेन्द्र प्रसाद दंगाल | २०७७।९।७ | ७७०००० |
| सरोज मैनाली | २०७७।९।२७ | १०००० |
| सरिता दनुवार | २०७७।१०।८ | ५८८०० |
| निकास निरौला | २०७७।१०।१९ | ५००००० |
| नारायण अधिकारी | २०७७।१०।२६ | ७३४००० |
| राजेन्द्र प्रसाद उप्रेती | २०७७।११।१२ | ५०००० |
| निर्मला देवी दनुवार | २०७७।११।१४ | २०१२०० |
| घनश्याम पौडेल | २०७८।१।१९ | १५००० |
| खगेन्द्र प्रसाद दंगाल | २०७८।३।१ | ५००००० |
| नारायण अधिकारी | २०७८।३।१ | ३८७००० |
| जम्मा | | ५५८८५५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २१ | | | **सार्वजनिक सुनुवाई र खरिद व्यवस्थापन** | |
| २१.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ बमोजिम खरिद सम्झौता बमोजिम सम्पन्न भएका निर्माण कार्य आपूर्ती गरिएको मालसामान कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिमको समितिले मालसामानको स्पेसिफिकेशन समेत स्वीकृत गरी कार्य स्वीकार तयार गर्नुपर्नेमा पालिकाले विभिन्न फर्महरुबाट आपूर्ती गरिएका मेशिनरी औजार तथा मालसामानहरुको कार्य स्वीकार प्रतिवेदन तयार गर्ने गरेको पाइएन । नियममा भएको व्यवस्थाको पालना गरेर मात्र खरिद सम्बन्धी कार्य गर्नुपर्दछ । | |
| २१.२ | | | **सवारी साधन खरिदः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पालिकाले आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्नेमा विभिन्न योजनाहरुको रकमबाट यो वर्ष योजनाको बजेटबाट ३ थान मोटर साइकल खरिद गरी रु.९१९६५०/- खर्च गरेको पाइयो । पालिकाले आन्तरिक आम्दानीबाट बजेटमा व्यवस्था गरेरमात्र सवारी साधन खरिद गर्नुपर्दछ । | |
| २१.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले ऐनको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण र सुनुवाई गरिएका योजना कार्यक्रमको अवधि समेत खुलाई वार्षिक रुपमा प्रकाशन गर्ने नगरेकोले संचालित कार्यक्रमहरुको तोकिए बमोजिम सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण पुरा भएको यकिन गर्न सकिएन । उपभोक्ता समिति मार्फत गरिएको कामको भुक्तानी साथ आंशिक रुपमा सार्वजनिक सुनुवाई र परीक्षणको अभिलेख रहेको भएतापनि सबै कार्यक्रमहरुलाई समेटेर सुनुवाईको व्यवस्था हुनुपर्दछ । | |
| २२ | | | **राजस्व आन्तरिक नियन्त्रण**<br>**डाक बढाबढको स्थितिः** पालिकाले आन्तरिक आय संचालन सम्बन्धी कार्य विधि २०७५ को दफा १२(ग) मा प्रथम पटक वोलपत्र पेश नभई दोश्रो पटक आह्वान गर्दा पहिलेको आधा म्याद दिई ठेक्का मार्फत र न्युनतम अंक राजस्व परामर्श समितिको सिफारिसमा संशोधन गर्न सक्ने व्यवस्था छ । सुरुङ्गा बजार ठेक्काको २०७७।७८ को लागि २०७७।३।१२ मा ठेक्का प्रकृया शुरु गरेकोमा तेस्रो पटक २०७७।४।२० मा मात्र न्युनतम अंक रु.४४११०००/- कायम गरी २०७७।७।१७ मा डाक बढाबढको माध्यमबाट ठेक्का लगाउने र २०७७।७।२४ को दिन दिनको १२ बजे सम्म ५ प्रतिशत धरौटी रकम सहित निवेदन दर्ता गर्न आह्वान गरेकोमा डाक बढाबढको प्रकृया र निर्णय पेश नभएकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन । तर २०७७।७।२६ मा पुन सूचना प्रकाशन गरी सुरुङ्गा बजार ठेक्का के कतिमा लिने २०७७।८।३ सम्म दररेट पेश गर्न आह्वान गरेको देखियो । सोही सूचनाको आधारमा २०७७।८।३ मा ३ जना व्यवसायीले पेश गरेको दररेट मध्ये माता पाथिभरा सुरुङ्गा ट्रेडर्सको रु.२१०३०००/- को दररेटलाई स्वीकृत गरी २०७७।८।२५ सम्म पुरै रकम बुझाउने गरी ठेक्का संचालन इजाजत दिई २०७७।१०।१५ मा मात्र सम्झौता गरेको पाइयो । न्युनतम अंक भन्दा घटीमा ठेक्का बन्दोबस्त भएकोले यो वर्ष रु.२३०८०००/- आम्दानी घटेको छ । डाक बढाबढको प्रतिवेदन नरहेको र राजस्व परामर्श समितिले न्यनतम भन्दा घटीमा ठेक्काको सिफारिस नगरेकोमा न्युनतम भन्दा घटीमा ठेक्का लगाएको कारण स्पष्ट देखिएन । | |
| २३ | | | **सम्पत्ति उपयोग संरक्षणः**<br>स्थानीय सरकार संचालन ऐन २०७४, को परिच्छेद ३ दफा ११ मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था बमोजिम नगरपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखि अद्यावधिक गर्नुपर्ने, सम्पत्तिको संरक्षण र उपयोग नीति मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको पाईएन । साथै सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको सम्बन्धमा अनुगमन हुने गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | विभिन्न | | **अबण्डा बजेटः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष देहायका शिर्षकमा रु. ३०१५००००/- अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिका बैठक तथा नगर प्रमुखको तोक आदेशबाट विभिन्न योजना तथा कार्यक्रममा रु. २२५९४५९३/- खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिका निर्णय तथा तोक आदेशबाट खर्च गरेको नियमसम्मत नभएको रु. | १५,५५६,८२० |

| **बजेट शिर्षक** | **विनियोजित बजेट** | **खर्च रकम** |
|---|---|---|
| मापदण्ड पुगेका बजेटले समेटेका धुले सडकहरुलाई स्तरउन्नती तथा सडक निर्माण कार्यक्रम सञ्चालन | ४०००००० | १००६६२१ |
| प्रस्तावनाका आधारमा आवश्यक्ता र औचित्य हेरी संस्थागत सहयोग | २५००००० | २३९९४८५ |
| सडक मर्मत कोष | ६०००००० | ५६३०७६४ |
| क्रिकेट, मार्शल आर्ट, भलीवल लगायतका खेल सञ्चालन तथा पूर्वाधार निर्माण समेत | ३६००००० | ३५१७१२८ |
| प्राविधिक शिक्षा अध्ययनको लागी छात्रवृत्ती सहयोग कार्यक्रम | ५००००० | ४१६२३५ |
| सामुदायिक विद्यालयमा भौतिक सुधार तथा स्मार्ट कक्षा व्यवस्थापन | १०००००० | ९५०००० |
| विद्यालयलाई प्रस्तावनाका आधारमा अनुदान कार्यक्रम | १०००००० | ४८५२२० |
| बाल शिक्षा सहयोग कार्यक्रम | ४००००० | १८७३३९ |
| प्रस्तावनाका आधारमा कार्यपालिकाको लक्षित वर्गका विभिन्न कार्यक्रम | ११५०००० | ९६४०२८ |
| **जम्मा** | | **१५५५६८२०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | विभिन्न | | **क्षेत्रगत बजेट तथा खर्च स्थितिः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्दा तोकिएका क्षेत्र र उपक्षेत्रगतमा लिएका लक्ष्य अनुरुप प्रगति हासिल गर्नको लागि बजेट प्रस्ताव गर्दा दिगो विकास लक्ष्य हासिल हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्षको क्षेत्रगत खर्च विवरण निम्नानुसार देखिएको छ। | |

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,९९,९७,६०० | २,०५,६३,२३८.१२ | ५१.४१ |
| २ | सामाजिक विकास | २४,७३,६४,५६४ | २२,०२,५२,७७२.८९ | ८९.०४ |
| ३ | पूर्वाधार विकास | ४२,३४,६५,७०८ | २२,५३,३३,६२८.९७ | ५३.२१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,४७,९२,८०१ | २,३७,४२,३३६ | ९५.७६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,७८,०९,९९९ | ८,२७,१०,४८७.५२ | ९४.१९ |
| **जम्मा** | | ८२,३४,३०,६७२ | ५७,२६,०२,४६३.५० | ६९.५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्तानुसार कार्यालयले पूर्वाधार विकासमा स्वीकृत गरेको विनियोजन अन्य क्षेत्रको भन्दा तुलनात्मक रुपमा कम रहेको छ। प्रशासनीक तर्फको खर्च विनियोजनको तुलनामा सबै भन्दा बढी खर्च भई रहेको अवस्था देखिएकोले प्रशासनीक खर्चमा नियन्त्रण गरी पूर्वाधार तर्फको लगानीमा वृद्धि गर्नुपर्दछ। | |
| २६ | | | **कोभिड-१९ तर्फ** | |
| २६.१ | | | **खर्चको आधारः** कोरोना संक्रमण रोकथाम तथा उपचार सम्बन्धी प्राप्त रकम सोही कार्यमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न योजनामा रहेको रकम समेत कोरोना संक्रमण नियन्त्रण कार्यमा ट्रान्सफर गरी विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरेको पाइयो। गायत्री सामुदायिक भवन उपभोक्ता समितिसँग सो भवनको निर्माण तथा मर्मत संभार समेतको काम गराउने गरी रु.५१०९००/- को इष्टिमेट स्वीकृत गरी भवनको माथिल्लो तला समेतका कार्य गराई उक्त भवन निर्माण कार्यमा रु.५०००००/- तथा प्रसाई बन्धु भवनमा रु.१०५११५/- मा आल्मुनियम झ्याल ढोका निर्माणमा खर्च गरेको पाइयो। कोरोना संक्रमण रोकथाम सम्बन्धी कामको लागि प्राप्त रकम बाट अन्य संस्थाको भवन निर्माण तथा मर्मत खर्च गरी भुक्तानी गर्नाले तोकिएको प्रयोजनमा रकम खर्च भएको मान्ने आधार नदेखिएको अनियमित रु. | ६०५,११५ |
| २६.२ | | | **जोखिम आंकलन र नियन्त्रण कार्य योजनाः** पालिकाले कोरोना संक्रमण दोश्रो लहरको आंकलन तथा पहिलो लहरमा देखिएको जोखिम तथा त्यसबाट परहेको प्रभाव सहितको विश्लेषण गरी दोश्रो लहरको शुरुवात अगावै संभावित जोखिमको आंकलन गरी संक्रमणको नियन्त्रण तथा त्यसबाट पर्नसक्ने प्रभाव र रोकथाम एवं उपचारात्मक व्यवस्था सहितको कार्य योजना स्वीकृत गरेको पाइएन। तर संक्रमण शुरु भै सकेपछि संक्रमितहरुको पहिचानको लागि नमूना संकलन र परीक्षण गर्ने कार्यमा अन्य स्थानीय तहहरु समेतलाई सहभागी गराई वडा नं. ४ कोटीहोममा स्वाब (नमूना) परीक्षण गर्ने कार्य गर्न छुट्टै संरचना समेत तयार गरी कार्य गरेको देखियो। साथै पालिकाले कोरोना संक्रमितहरुको लागि क्वारेन्टिन, आइसोलेसन स्थलको व्यवस्था गरेको संक्रमण रोकथाम र उपचारमा नागरिकहरुलाई नमूना परीक्षण स्थल लाने लैजाने, सुरक्षा सामाग्री वितरण, जनचेतना सम्बन्धी प्रचार प्रसार, होम आइसोलेशनमा रहनेको लागि थप औषधि, सुरक्षा सामाग्री, पोषणयुक्त खाद्यपदार्थहरु समेत उपलब्ध गराउने कार्य गरेको पाइयो। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>कोरोना संक्रमण परीक्षण ल्यावः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ ले स्थानीय संचितकोष सम्बन्धी व्यवस्था गरी उक्त कोषमा स्थानीय तहले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम तथा उपदफा (२)(१)(ङ) बमोजिम कुनै व्यक्ति, संघसंस्थाबाट प्राप्त रकम समेत जम्मा हुने व्यवस्था छ । ऐनको दफा ७७ मा स्थानीय तहले आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । कोरोना संक्रमणको दोश्रो लहरको क्रममा संक्रमितहरुको नमूना संकलन गरी परीक्षण गराउने कार्य गर्न मेची अंचल अस्पताल मातहतमा संचालन हुने गरी नगरपालिका वडा नं.४ मा कोटिहोम पि.सि.आर. प्रयोगशाला संचालन गरेको आधारमा उक्त प्रयोगशाला गरिएका नमूना परीक्षणको लागि विभिन्न व्यक्ति, संघ संस्था र अन्य स्थानीय तहबाट नमूना पठाई परीक्षण काय गे वापत प्रति नमूना रु.१०००/- का दरबाट रकम लिने गरेको, प्रयोगशालामा पालिकाबाट ५ कर्मचारीहरुलाई नियुक्ति गरी तलव भत्ता र जोखिम भत्तामा खर्च गरेको, अन्य पालिकासँग रकम माग गर्ने कार्य पालिकाबाटै पत्राचार गरी स्कलन भएको समेत अन्य पालिकाको लेखापरीक्षणमा देखिएको छ । मेची अंचल अस्पतालबाट खटिएका प्राविधिकहरुलाई जोखिम भत्ता, परीक्षणको लागि चाहिने VTM, RDT किट तथा अन्य मसलन्द छपाई विविध सम्बन्धी खर्च पालिकाको कोरोना संक्रमण र नियन्त्रण सम्बन्धी विविध विपद कोषबाट समेत गर्ने गरेको देखिएको छ । तर पालिकाले उक्त प्रयोगशालामा भएको आम्दानी तथा खर्चको लेखा तयार गरी लेखापरीक्षणमा पेश नगरेकोले परीक्षण गरिएन ।</td><td></td></tr>
<tr><td>२६.४</td><td></td><td></td><td>औषधिजन्य सामाग्री खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८६ बमोजिम सोझै खरिद गर्नु अघि प्रस्तावित आपूर्तीकर्ता खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्न आवश्यक योग्यता भए नभएको समेत यकिन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोरोना संक्रमण नियन्त्रण गर्न सुरक्षा तथा परीक्षण सामाग्री खरिद कार्य सोझै खरिद प्रकृयाबाट गरेकोमा VTM खरिद गर्दा निम्नानुसारका सप्लायर्सबाट खरिद गरी भुक्तानी गरेको छ ।
<table>
<tr><th>सप्लायर्सको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>P&P Traders</td><td>१२४०९६</td></tr>
<tr><td>Corp health Care Pvt.</td><td>२१९३४९</td></tr>
</table>
उपरोक्तानुसार सप्लायर्सहरु औषधि जन्य सामाग्री विक्रि गर्ने उद्देश्यबाट कारोवारमा दर्ता भएको प्रमाण समावेश नभएकोले नियममा भएको व्यवस्था बमोजिम योग्यता पुगेको सप्लायर्स खरिद गरेको मान्ने आधार प्रमाण पेश हुनुपर्ने रु.</td><td>३४३,४४५</td></tr>
<tr><td>२६.५</td><td></td><td></td><td>सिलिण्डर धरौटीः आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नुअघि तोकिएको कार्यविधि पुरा भए नभएको यकिन गर्नुपर्ने व्यवस्था छ । भौ.नं. ६१।२०७७।९।२ बाट रुद्र ब. दहालको नामको पेश्की रु.५००००/- फर्स्यौट गर्दा पेश गरेको विलमा जलकन्या ट्रेडर्सबाट अक्सिजन सिलिन्डर प्रयोग गरेवापत रु.३००००/- धरौटी जम्मा गरेको रसिद समावेश भएकोमा सो रकम पुरै खर्च जनाएकोले धरौटी मात्र रहेको रकमलाई खर्च जनाई कारोवार गरेकोले उक्त धरौटी फिर्ता भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>३०,०००</td></tr>
<tr><td>२६.६</td><td></td><td></td><td>वितरण अवस्थाः विपद व्यवस्थापन कार्यको लागि खरिद गरिएका मालसामान सम्बन्धित कार्यको प्रयोग गरेको हुनुपर्ने व्यवस्था छ । कार्यालयले कृष्ण कुमार-नविन कुमार ट्रेडर्सबाट ७७ थान एक्रेलिक व्लयाङकेट खरिद गरी रु.८०८२३/- भुक्तानी गरेकोमा उक्त मालसामानको दाखिला तथा वितरणको अवस्था नखुलेकोले तोकिएको कार्यमा प्रयोग भएको प्रमाण पेश हुनुपर्ने रु.८०८२३/-</td><td>८०,८२३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.७</td><td></td><td></td><td>खोप सेवाः पालिकाबाट प्राप्त विवरण अनुसार पालिकालाई यस वर्ष निम्नानुसारका खोपको डोज प्राप्त भएको र सो डोज मध्ये नागरिकहरुलाई खोप उपलब्ध गराएको र बाँकीको विवरण निम्नानुसार देखिएको छ ।<br><table><tr><th>खोपको विवरण</th><th>आम्दानी</th><th>खर्च</th><th>बाँकी</th></tr><tr><td>Vero cell</td><td>२०३४५</td><td>२०३४५</td><td>-</td></tr><tr><td>AstraZeneca</td><td>५१६०</td><td>५१६०</td><td>-</td></tr><tr><td>Covishield</td><td>९८१०</td><td>६८१०</td><td>३०००</td></tr><tr><td>Johnson</td><td>२१८७५</td><td>२१८७५</td><td>-</td></tr><tr><td>Modena</td><td>६०००</td><td>६०००</td><td>-</td></tr><tr><td>जम्मा</td><td>६३१९०</td><td>६०१९०</td><td>३०००</td></tr></table></td><td></td></tr>
<tr><td>२६.८</td><td></td><td></td><td>पालिकाले २०७७।७८ को अवधिमा कोभिड नियन्त्रण कार्यको लागि देहाय अनुसार रु.४६८८७२२/- खर्च विवरण प्राप्त भएको छ ।<br><table><tr><th>शिर्षक</th><th>आम्दानी</th><th>खर्च</th><th>कैफियत</th></tr><tr><td>संघीय संचितकोष</td><td>९०००००</td><td>२५१४८७</td><td>सुरक्षा सामाग्री</td></tr><tr><td>स्थानीय तह आफ्नै बजेटबाट</td><td>३१०००००</td><td>७९४४२</td><td>शव बाहन व्यवस्थापन</td></tr><tr><td>प्रदेश कोभिड कोष</td><td>१००००००</td><td>६०७४२०</td><td>अन्य सामाग्री खरिद</td></tr><tr><td></td><td></td><td>६२०१९५</td><td>आइसोलेशन सेन्टर संचालन</td></tr><tr><td></td><td></td><td>१५२८५४४</td><td>परीक्षण तथा अन्य कार्य</td></tr><tr><td>जम्मा</td><td>५००००००</td><td>४६८८७२२</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>ठेक्का सम्झौता पालना स्थिति</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.१ | | | **कार्य सम्पादन जमानत र वीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा कार्य सम्पन्न जमानत र नियम ११२ मा वीमा सम्बन्धी व्यवस्था छ । निमार्ण व्यवसायीले सम्झौता गर्दा पेश गरेको कार्यसम्पन्न जमानतको अवधि ठेक्काको त्रुटि सच्चाउने अवधि भन्दा १ महिना बढी अवधिको हुनुपर्ने र वीमा पोलिसी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने अवधि र त्रुटि सच्चाउने अवधि समेतको हुनुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गतको ठे.नं.०८।०७५।७६ को यो वर्ष २०७८।३।१४ सम्म भुक्तानी चालु रहेकोमा रु.१६६५०००/- कार्य सम्पादन जमानतको अवधि २०७७।६।१५ सम्म मात्र रहेको र वीमा पोलिसिको म्याद २०७७ आषाढ १५ सम्म रहेकोले दुवै डकुमेन्टको म्याद आवद्यिक गराएको प्रमाण पेश हुनुपर्दछ रु. | १,९३२,७१० |
| २७.२ | | | | ५९०,६२५.७५ |
| २७.३ | | | **भेरिएसनको स्वीकृती आधारः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन सम्बन्धी व्यवस्था गरी ड्रइङ डिजायन बदल्नु पर्ने नपर्ने तथा निर्माण कार्यको क्षेत्र प्रकृति परिवर्तन हुने नहुने प्रमाणित गरी ११८(५) मा भेरिएसन आदेश जारी गर्दा विशेषज्ञहरुको समुह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले कार्यालय भवन निर्माण कार्यका निर्माण व्यवसायीसँग भएको कामको सम्झौतामा शुरु सम्झौता परिमाण शत प्रतिशत भन्दा बढी परिमाण थप गरेको, नयाँ आइटम थप गरी केही आइटम पुरै हटाएकोमा कामको लागत अनुमान र खरिद सम्झौताको तुलनात्मक विवरण तयार नगरी खरिद सम्झौता मूल्यमा रु.७७९९९८९.९६ थप गरी (शुरु सम्झौताको २४.१५ प्रतिशत) रु.४१०९०६१२.७८ थप गरी कार्यपालिकाको २०७७।११।७ को निर्णयबाट थप कामको भेरिएसन दिई खर्च गराएकोमा यो वर्ष उक्त भवनको अन्तिम विल सम्म रु.३९८७५७५२/- मात्रको कार्य गराई ठेक्का फाइनल गरेको पाइयो । शुरु सम्झौता भन्दा बढीको काम थप गर्दा विशेषज्ञ समितिको प्रतिवेदन वेगर लागत अनुमानमा परेको प्रभावलाई तुलना नै नगरी थप काम गराउन भेरिएसन गरेकोमा भेरिएसन अनुसारको काम नगराई पुन घटी मात्रको काम गराई ठेक्का फाइनल गरेको अनियमित रु. | १,२१४,८६० |
| २८ | | | **ठेक्का व्यवस्थापन** | |
| २८.१ | | | **स्रोत सुनिश्चिता वेगर ठेक्कापट्टाः** वित्तीय हस्तान्तरण अन्तर्गत संचालन हुने योजना कार्यक्रम स्चालन गर्दा योजना संचालनको आधार स्पष्ट गरी श्रोत समेत निश्चित हुनुपर्ने व्यवस्था छ । कार्यालयले फोहोरबाट उप्पादन हुने ग्यास १२०० घरधुरीमा पाइपलाइनबाट पुर्‍याउने योजनाको लागि यो वर्ष प्राप्त रकम मध्ये रु.४ करोड फ्रिज गरेको छ । उक्त योजना संचालन गर्न रु.५३१५४५५६/- को लागत अनुमान स्वीकृत गरी २०७८।२।१६ मा प्राविधिक र आर्थिक प्रस्ताव माग गरेकोमा निर्माण व्यवसायी लक्ष्मीमाता कन्ट्रक्सन कम्पनीको रु.३७१६४२६५/- को १८० दिनको विड भ्यालिडिटी भएको १ मात्र प्रस्तावलाई स्वीकृत गरी छनौट गरेकोमा छनौट भएको प्रस्तावदातालाई कार्य सम्पादन जमान सहित सम्झौता गर्ने पत्राचार नगरेको, साथै २०७८।६।५ मा मात्र विडवण्डको भ्यालिडिटी थप गर्न पत्राचार गरेकोमा २०७८।१०।१८ सम्म सो ठेक्कापट्टाको सम्झौता नै नभएको अवस्था देखियो । योग्यता नभएको परामर्शदाताबाट DPR गराई खर्च गरिएको यसवर्षको प्राप्त रकम फ्रिज गरेको तथा ठेक्कापट्टा गर्न वोलपत्र छनौट गरिएकोमा खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम थप कार्य नगरी अधुरो अवस्थामा रहेकोले ठेक्का व्यवस्थापन कार्य प्रचलित कानूनको आधारमा संचालन भएको मान्ने आधार देखिएन । उचित निर्णय गरी कार्य पुरा गराउनुपर्दछ । | |
| २८.२ | | | **ठेक्का संचालन अवस्थाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा खरिदको गुरुयोजना तयार र नियम ८ मा वार्षिक खरिद योजना तयार गर्नुपर्ने गरी तोकिएको छ । कार्यालयले प्राथमिक स्वास्थ्य केन्द्र रहेको सुरुङ्गामा १५ सैयाको आधारभुत अस्पताल निर्माण गर्न रु.७५६४६९४०/- को लागत अनुमान स्वीकृत गरी २०७८।२।९ मा वोलपत्र आह्वान गरेको र २०७८।३।८ मा वोलपत्र दाताको प्राविधिक प्रस्ताव खोलिएकोमा मूल्याङ्कन गरेको प्रतिवेदन पेश भएन । तर २०७८।४।२५ मा आर्थिक प्रस्ताव खोल्ने सुचना गरेको छ । खरिद गुरुयोजना र वार्षिक योजना स्वीकृत वेगर वर्षान्तमा ठेक्कापट्टा आह्वान गरी अधुरो अवस्थामा छाडेको पाइयो । | |
| २९ | | | **परामर्शदाताको कार्य** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.१ | | | **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विल भुक्तानी गर्दा नापी कितावमा प्रमाणित वास्तविक रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । दुर्गापुर बजारमा व्यवसायीक भवन निर्माण कार्य गर्न निर्माण व्यवसायीको प्रथम रनिङ विलमा रु.२०८९७३०.४२ मात्र को विल पेश भएकोमा रु.२१०००००/- (योजनाको पुरै रकम) भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.१०२६९/- असुल हुनुपर्ने रु.१०२६९/- | ६६५,१५९ |

- भौ.नं. ६८४।०७८।३।१७ बाट वडा नं.६ को विभिन्न बाटो मर्मत सम्बन्धी कामको विल बमोजिम रु.११३०८८९.२८ मात्र भुक्तानी गर्नुपर्नेमा रु.११८००००/- भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.४९१११/-

  **निर्माण सामाग्री खपत र भुक्तानीः** सडक निर्माण कार्य गराई कालोपत्रे गर्ने कार्य गराउदा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम उक्त काममा तोकिएको दर र अनुपात मा सामाग्री खपत गराई कामको गुणस्तर परीक्षण गराएर मात्र रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सडकहरुमा कालोपत्रे गर्ने कार्य गराई Prime coat, Tackcoat को खपत गराउदा प्रति व.मी. १ लि. का दरबाट भुक्तानी गर्ने गरेको पाइयो । नेपाल सरकारबाट स्वीकृत सडक निर्माण नर्म्समा Tack coat को खपत परिमाण प्रति व.मी. ०.६० लि मात्र रहेकोमा कार्यालयले लागत अनुमान तयार गर्दा र काम गराई भुक्तानी गर्दा तोकिएको स्टाण्डर्ड स्पेसिफिकेशन भन्दा बढी परिमाणको नापजाँच गरी भुक्तानी गर्दा कामको खपत र गुणस्तर परीक्षणको प्रमाण समेतको ल्यावटेष्ट वेगर Tack coat को परिमाणबढी भुक्तानी गरेकोले मू.अ.कर थप समेको रकम रु.५५०४६८ असुल हुनुपर्दछ रु.५५०४६८

| सडकको नाम | कालोपत्रे गर्ने क्षेत्रफल | नर्म्स अनुसार लागने Tack coat परिमाण | भुक्तानि गरेको परिमाण | बढी परिमाण | दर रकम | |
|---|---|---|---|---|---|---|
| हिमाली मार्ग चोक कालोपत्रे | १०७८.५९ | ६४७.१५ लि. | १०७८.५९ | ४३१.४४ | १५९.०५ | ७७५४१.२० |
| सुरुङ्गा/रिङ कालोपत्रे | | २४४८.२४ | | | | १८७९७७.९८ |
| पंचायत मार्ग कालोपत्रे | ४९३.७८ | २९४२.२७ | ४९०७.७८ | १९६१.५१ | | २२१६२१ |
| मू.अ.कर | | | | | | ६३३२८.०७ |

- भौ.नं. ९०।०७८।३।३० बाट रोड/रिङ कालोपत्रे सम्बन्धी कामको विल भुक्तानी गर्दा प्रोभिजनल सम्ममा रहेको गुणस्तर परीक्षण रकमबाट रु.११४१८/- भुक्तानी गरेकोमा उक्त कामको रु.५११८/- मात्रको विल समावेश रहेकोले बढी भुक्तानी गरेको रु.६३००/- असुल हुनुपर्दछ रु.६३००/-

**बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा नापी कितावमा प्रमाणित भएको वास्तविक सम्पन्न कामको मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । भौ.नं.६८८।०७७।३।१७ वडा नं.६ मा बाटो मर्मत संभार कामको महिन कन्ट्रक्सन सप्लायर्स प्रा.लि. लाई अन्तिम विल वापत रु.११३०८८९।२८ मात्र भुक्तानी गर्नुपर्नेमा रु.११८००००/- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.४९०११/- असुल हुनुपर्ने रु.४९०११/-

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.२ | | | **परामर्शदाताको योग्यताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम २७ मा परामर्श सेवाको प्रस्तावदाताको योग्यताको आधार तोकिएको छ । नियम २७(२)(क) मा सार्वजनिक निकायले प्रस्तावित परामर्श सेवाको प्रकृति अनुसार विगत १० वर्षको अवधिमा प्रस्तावित परामर्श सेवासँग मिल्ने प्रकृतिको परामर्श सेवा प्रदान गरेको निजी संस्था रकम र मिति खुल्ने विवरण समेत माग गर्न सक्ने व्यवस्था छ । कार्यालयले कन्काई-विर्ता-अर्जुन वायो ग्यास वितरण योजनाको DPR तयार गर्ने कार्य गराउन (RFP को माध्यमबाट)तयार गरेको TOR मा परामर्शदाताले Detailed To Po graphic surveys geotechnical investigation & possible multi hazards risk assessment Detail cost estimates and procement documents समेतको कार्य स्वीकृत गरेको पाइयो । पालिकाले उक्त परामर्श सेवा खरिद कार्य RFP को माध्यमबाट गर्न आह्वान गरी विराट प्राविधिक शिक्षा आयम परामर्श प्रा.लि. कन्काईसँग सम्झौता गरेको छ । उक्त प्रा.लि. वायो ग्यास योजना संचालन सम्बन्धी परिमायोजना प्रतिवेदन तयारीको कार्य अनुमान भएको प्रमाण समावेश गरेको पाइएन । सो संस्थाले TOR मा तोकिए बमोजिमका कार्य पुरा गरी ड्राफ्ट रिपोर्ट पेश गरेको र ड्राफ्ट रिपोर्ड मा कार्यालयले प्रतिकृया दिई अन्तिम प्रतिवेदन तयार गरेको अवस्था देखिएन ।<br>तर उक्त संस्थाले Technical support by W2E Engineering Pvt. Ltd. उल्लेख गरी पालिकामा DPR को रुपमा प्रतिवेदन दिएकोमा विराट प्राविधिक शिक्षा आयम परामर्श प्रा.लि. छनौट गर्दा सो संस्थाले परामर्शदातालाई प्राविधिक सहयोगको व्यवस्था नरहेको, साथै उक्त प्रतिवेदन प्राप्त गर्नु अगावै कार्यालयले १२०० घरधुरीमा फोहोरबाट उत्पादन हुने ग्यास पाइपलाइन मार्फत पुर्‍याउने कामको रु.५३१५४५५६/- लागत अनुमान स्वीकृत गरी ठेक्कापट्टाबाट कार्य गर्न निर्माण व्यवसायी छनौट गरेको देखिएकोले सम्बन्धित काममा कार्य अनुभवन नै नभएको परामर्शदाता छनौट गरी खर्च गरेको र DPR रिपोर्ट प्राप्त नहुँदै छुट्टै आधारबाट लागत अनुमान स्वीकृत गरेकोले खर्चको प्रभावकारिता नभएको अनियमित रु. | १,९६९,०७२ |
| २९.३ | | | **माटो परीक्षण वेगर भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम परामर्शदातालाई भुक्तानी गर्दा सम्झौताको शर्तमा तोकिएका कार्य पुरा भएपछि मात्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आधारभुत अस्पताल निर्माण गर्न DPR तयार गर्ने परार्शदाताको TOR मा Soil Test समेतको कामको लागि प्रस्ताव माग गरी छनौट गरेको परामर्शदाताले ड्राफ्ट रिपोर्ट पेश गरी कार्यालयबाट प्राप्त सुझाव समावेश गरी फाइनल रिपोर्ट दिनुपर्ने समेतको शर्त रहेकोमा परामर्शदाताले ड्राफ्ट रिपोर्ट पेश गरेको र कार्यालयले रिपोर्टमा प्रतिकृया दिई फाइनल रिपोर्ट तयार भएको प्रमाण पेश भएन । परामर्शदाताले Soil Test को रिपोर्ट पेश नगरी पुरै रकम भुक्तानी गरेकोले उक्त कार्य गराएको प्रमाण पेश हुनुपर्ने रु. | १,१६८,७०२ |
| ३० | | | **भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम दर्जा, भ्रमण खटिएको स्थान, मिति र स्पष्ट काम समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वस्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालिको थप व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण खर्चमा रु. १४९३०००/- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको पालना गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **कृषि कार्यक्रम अनुगमन**<br>भ्रमण खर्च नियमवाली, २०६४ को नियम ७ (८) मा रात विताउनु पर्ने गरी खटिएको स्थानदेखि पन्ध्र किलोमिटर भित्रको छेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता पाउने छैन भनी उल्लेख छ । पालिकाले कृषि कार्यक्रम अन्तर्गत अनुगमन गरेको भनी देहायका पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण भत्ता भनी रु. ४८०००/- भुक्तानी गरेको छ । पालिका अन्तरगतको वडाहरुमा अनुगमन गर्दा दैनिक भ्रमण भत्ता भुक्तानी दिई खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.<br><br>सि. नं. \| नाम थर \| पद \| भुक्तानी रकम<br>१ \| देवेन्द्र कुमार दर्जी \| नगर आर्थिक समिति संयोजक \| १२०००<br>२ \| तेज बहादुर पौडेल \| पशुपन्छी शाखा प्रमुख \| १२०००<br>३ \| यदु उप्रेति \| कृषि शाखा प्रमुख \| १२०००<br>४ \| कुल बहादुर गुरुङ्ग \| भेटेरेनरी अधिकृत \| १२०००<br> \| जम्मा \| \| ४८००० | ४८,००० |
| ३२ | | | **सभा सञ्चालन खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष गाउँ सभा सञ्चालनमा गर्दा भत्ता रकम पदाधिकारी पारिश्रमिक शिर्षकबाट वितरण गरी सभा सञ्चालनका लागि विनियोजित बजेट रु. ५०००००/- बाट बाहेक ब्याग खरिद गरी रु. ४०३९७५/- खर्च गरेको छ । यस्तो खर्चमा मित्वययीता कायम गर्नु पर्दछ । | |
| ३३ | २८ | २०७७-६-१९ | **पदाधिकारी चाडपर्व खर्च**<br>null | ४८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | विभिन्न | | **पदाधिकारी अनुगमन सुविधा**<br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा नगरपालिका प्रमुखले रु. ११०००/-, उपप्रमुखले रु. ११०००/-, वडाध्यक्षले रु. ४५००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । अनुगमन भत्ता भुक्तानी लिदाँ मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि अनुगमन वापत एकमुष्ठ भत्ता बुझिलिएकोमा मासिक प्रतिवेदन पेश नभएको रु. | ९४२,००० |

| **पद** | **संख्या** | **मासिक अनुगमन भत्ता दर** | **वार्षिक अनुगमन भत्ता** |
|---|---|---|---|
| नगर प्रमुख | १ | ११००० | १३२००० |
| नगर उपप्रमुख | १ | ११००० | १३२००० |
| वडाध्यक्ष | ९ | ४५०० | ४८६००० |
| कार्यपालिका सदस्य | ८ | २००० | १९२००० |
| **जम्मा** | | | **९४२०००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | विभिन्न | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन र व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले यो वर्ष कानून नबनाई कर्मचारी प्रोत्साहन भत्ता वापत मासिक रुपमा तलब स्केलको २० प्रतिशतका दरले कुल रु. ४७३५६१७/- प्रोत्साहन भत्ता खर्च लेखेको पाइयो । यस्तो खर्च कानूनद्वारा व्यवस्थिति गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td>विभिन्न</td><td></td><td>

**कर्मचारी पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ८७ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको आय हिसाब गरी छुट पाउने रकम कट्टा गरि बाँकी रकममा पारिश्रमिक कर लाग्ने व्यवस्था छ । नगरपालिकाका देहायबमोजिमका कर्मचारीहरुको पारिश्रमिक आयमा लाग्ने कर घटी कट्टी गरेकोले नपुग कर बापतको रकम असुल गर्नु पर्ने रु.

<table>
<tr><th>कर्मचारीको नाम र दर्जा</th><th>वार्षिक आय</th><th>खुद आय</th><th>कर योग्य आय</th><th>कट्टी गर्नुपर्ने कर (सा सु कर सहित)</th><th>कट्टी गरेको सा सु कर</th><th>नपुग कर</th></tr>
<tr><td>आलेप छैठौ कृष्ण प्रसाद रिमाल</td><td>६७२७०७</td><td>५२२९८५</td><td>७२९८५</td><td>११७९८</td><td>५२२९</td><td>६५६९</td></tr>
<tr><td>पशु सेवा अधिकृत तेज बहादुर पौडेल</td><td>६२३८९८</td><td>५१९०४२</td><td>६९०४२</td><td>११४०४</td><td>६१३९</td><td>५२६५</td></tr>
<tr><td>इन्जिनियर कुशल हुमागाई</td><td>७२०२११४</td><td>५४९९७८</td><td>९९९७८</td><td>१४४९८</td><td>११२२७</td><td>३२७१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१५१०५</td></tr>
</table>

</td><td>१५,१०५</td></tr>
<tr><td>३७</td><td>विभिन्न</td><td></td><td>

**खर्चको पुष्टयाई**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्च सँग सम्बन्धित विल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । साथै कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । नगरपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

<table>
<tr><th>गो.भौ.र मिति</th><th>खर्चको विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>३५९-०७७।१२।५</td><td>न्यायीक समिति बैठक भत्ता वितरण गर्न कमला विश्वकर्माको नाममा निकासा</td><td>६७१५०</td><td>कस कसलाई के कती दरमा भत्ता वितरण भएको तथा वितरण भरपाई पेश नभएको</td></tr>
<tr><td>३७२-०७७।१२।११</td><td>मोहन प्रसाद न्यौपाने भ्रमण खर्च</td><td>१६२००</td><td>भ्रमण आदेश तथा भ्रमण विल पेश नभएको</td></tr>
<tr><td>५१८-०७८।३।१</td><td>खरिद इकाइ समितिको बैठक भत्ता</td><td>१५७०००</td><td>कस कसलाई के कती दरमा भत्ता वितरण भएको तथा वितरण भरपाई पेश नभएको</td></tr>
<tr><td>६३०-०७८।३।२४</td><td>पाथिभरा होम मार्केट बाट ब्याग खरिद</td><td>४०३९७५</td><td>बिल बिजक पेश नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६४४३२५</td><td></td></tr>
</table>

</td><td>६४४,३२५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | विभिन्न | | **परामर्श खर्च**<br>सार्बजनिक खरिद ऐन २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न योजनाहरुको बाह्य परामर्शदाताबाट विस्तृत सर्भेक्षण तथा खोला नाला नदी उत्खनन सम्बन्धी आई.ई.ई गराई रु २०५४६०९/- खर्च लेखेको छ । परामर्सदाताबाट प्रारम्भिक प्रतिवेदन पेश भई त्यसमा भएको त्रुटि सच्याई पुन अन्तिम प्रतिवेदन पेश भएपछि उद्देश्य अनुसार भएको एकिन गरेर मात्र सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेमा प्रारम्भिक प्रतिवेदन पेश नगरी सोझै अन्तिम प्रतिवेदन प्राप्त गरी रकम भुक्तानी भएको छ । अत प्रतिवेदन अध्ययन नगरी प्राप्त प्रतिवेदनमा त्रुटि भएमा त्यसबाट कार्यान्वयन चरणमा हुनसक्ने हानीको जिम्मेवारी कसले लिने स्पष्ट हुन सक्दैन । साथै यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई उपलब्ध बजेट बमोजिमकै रकम खर्च गरेको छ । पालिकालाई प्राप्त डि पि आर तथा आई ई ई प्रतिवेदन तोकिए बमोजिम भए नभएको स्वीकार नगरि परामर्शदातालाई भुक्तानी दिएको रकम रु. | १,०९४,४०९ |

| भौ नं. र मिति | खर्चको विवरण | परामर्श दाता | भुक्तानी रकम |
|---|---|---|---|
| ५२१-०७८।३।४ | आधारभुत अस्पताल निर्माणको लागि माटो जियो टेक परिक्षण कार्य | कन्सल्टेन्ट एण्ड रिसर्च प्रा.लि. | १९७६२० |
| ६४१-०७८।३।२६ | बिरिङ्ग नदीको आई ई ई तयार | पाथिभरा एजुकेशन फाउण्डेश्न प्रा.लि. | २९९४५० |
| ५३६-०७८।३।१३ | कृषि बजार सम्भाव्यता अध्ययन | मोक्ष परामर्श प्रा.लि. | ३५०००० |
| ७७०-०७८।३।२३ | डि पि आर भिसुवलाइजेश्नक अफ म्युनिसिपल बिल्डिङ्ग | काम्बाङ एण्ड एसोसियट्स प्रा.लि. | २४७३३९ |
| | जम्मा | | १०९४४०९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **इन्धन खर्च**<br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. 3 (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी पदाधिकारी, कर्मचारी तथा हेभि मेसिनरी सञ्चालनका लागि प्रयोग हुने इन्धनलाई इन्धन शिर्षक सहित विभिन्न अन्य खर्च शिर्षकबाट समेत यस वर्ष रु. ५३९२६४५/- खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्यौट गर्नुपर्दछ । अत: इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ। | |
| ४० | | | **मर्मत खर्च**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. १५०००००/- र मेशिनरी औजार मर्मतमा रु. ५०००००/- खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत तथा संरक्षण अभिलेख खाता राखेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **विधायन समिति बैठक**<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन सहित) को दफा ४ मा सभाद्वारा गठित विषयगत समितिको हकमा जतिसुकै पटक बैठक बसे पनि बैठकमा उपस्थित सदस्यले एक महिनामा एउटा बैठकको मात्र बैठक भत्ता पाउने उल्लेख छ । पालिकाले विधायन समितिको बैठक भत्ता खर्च भुक्तानी लेख्दा निम्नानुसारका पदाधिकारी तथा कर्मचारीहरुलाई माघ महिनामा ५ पटक र फागुन महिनामा २ पटक गरी प्रति महिना १ भन्दा बढी बैठकको भत्ता भुक्तानी गरेको पाइयो । यस प्रकारका बैठकको भत्ता भुक्तानी दिन ऐन बमोजिम नमिल्ने हुँदा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ३,४०० |

| सि. नं. | नाम थर | बैठक संख्या | भुक्तानी रकम कट्टीकर घटाई | कैफियत |
|---|---|---|---|---|
| १ | आमन्त्रीत कृष्ण प्रसाद रिमाल | ४ | ३४०० | एक महिनामा २ पटक |
| | जम्मा | | २८९०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | १५५ | २०७८-२-३० | **शिक्षण सहयोग अनुदानः**<br>संघीय सरकारबाट प्राप्त शिक्षा सशर्त तर्फको शिक्षण सिकाई अनुदान रकम खर्च गर्दा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं ६ मा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । जस अनुसार शून्य दरबन्दी भएका माध्यमिक विद्यालयका लागि प्रति विद्यालय बढीमा ३ शिक्षक सम्म व्यवस्थापन गर्न बुँदा नं ८ मा तोकिएको दरबाट तलब भुक्तानी हुनेगरी शिक्षक नियुक्ती गर्न पाउने भन्ने व्यवस्था रहेको पाईयो । पालिकाले हिमालय माविलाई अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान बापत प्रति शिक्षक ६ महिनाको तलब व्यवस्थापन गर्न रु.६४८०००/- निकासा दिएकोमा उल्लेखित विषय अध्यापन गराउन विद्यालयले निम्न शिक्षकहरुलाई मिति २०७७।१२।४ मा नियुक्ति गरेको प्रमाण लेखापरीक्षणमा पेश भएकोले भुक्तानी दिई बाँकी हुन आउने रकम पालिकाले फिर्ता लिई संघीय संचितकोष दाखिला हुनुपर्ने रु... | २२६,८०० |

| **शिक्षकको नाम** | **विषय** | **निकासा रकम** | **भुक्तानी हुनुपर्ने रकम ३ महिना २७ दिनको तलब** | **बढी रकम निकासा** |
|---|---|---|---|---|
| मनोज कुमार खतिवडा | अंग्रेजी | २१६००० | १४०४०० | ७५६०० |
| सन्दिप ढुंगाना शर्मा | गणित | २१६००० | १४०४०० | ७५६०० |
| विनोद प्रसाई | विज्ञान | २१६००० | १४०४०० | ७५६०० |
| **जम्मा** | | | | **२२६८००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td>विभिन्न</td><td></td><td>

**प्राविधिक धारतर्फको भत्ताः**

विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता निकासा गर्दा शिक्षक दरवन्दी अभिलेख अध्यावधिक गरी सोही अनुसार दरबन्दीमा, शिक्षक अनुदानकोटा (राहत) मा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयवाट प्राप्त माग फारम रुजु गरी अनुदान दिनुपर्दछ। त्यसैगरी प्राविधिक धारका विद्यालयहरुमा तलब भत्ता निकासा गर्दा प्राविधिक धारतर्फका शिक्षकहरुलाई मासिक रु.३०००/- का दरले १० महिनाको प्राविधिक भत्ता उपलब्ध गराउने उल्लेख छ । पालिकाले आदर्श विद्या मन्दिर मावि मा कार्यरत प्राविधिक धारतर्फका तपसिलको शिक्षकको १० महिनाको मात्र प्राविधिक भत्ता निकासा गर्नुपर्नेमा १२ महिनाकै पुरै रकम निकासा गरेकोले रु.६०००/- का दरले बढी निकासा भएको रकम रु.२४०००/- सम्बन्धित शिक्षकहरुबाट असुल गर्नुपर्ने रु.

<table>
<tr><th>क्र.सं.</th><th>शिक्षकको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>दिपेश निरौला</td><td>६०००</td></tr>
<tr><td>२</td><td>दिवश राई</td><td>६०००</td></tr>
<tr><td>३</td><td>कृष्ण चौधरी</td><td>६०००</td></tr>
<tr><td>४</td><td>पुजा पनेरु</td><td>६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४०००</td></tr>
</table>

</td><td>२४,०००</td></tr>
<tr><td>४४</td><td>२४५</td><td>२०७८-३-२३</td><td>

**विद्यालय दिवा खाजा अनुदान**

शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्दछ । पालिकाले उल्लेखित मितिको भौचरबाट पहिलो चरणमा १४ विद्यालयको २६७० विद्यार्थीलाई ६० दिनको प्रति विद्यार्थी रु.१५।– का दरले रु.२४०३०००।–र दोश्रो चरणमा ३११४ विद्यार्थीलाई ५१ दिनको प्रति विद्यार्थी रु.१५।– का दरले रु.२३८२२१०।– सहित जम्मा रु.४८८५२१०/- दिवा खाजा रकम निकासा गरेकोमा देहायका विद्यालयहरुले लेखापरीक्षण अवधिसम्म उक्त रकमबाट भएको खर्च र विद्यार्थीलाई बुझाएको प्रमाण पेश नभएको साथै २०७८।१।१३ देखि कोभिड-१९ को कारणले विद्यालयहरु बन्द रहेकोले निकासा भएको रकमबाट तोकिएको कार्यमा खर्च भए नभएको यकिन गरी खर्च नभएमा रकम फिर्ता लिई संघीय संचित कोष दाखिला हुनुपर्दछ रु.

<table>
<tr><th rowspan="2">क्र.सं</th><th rowspan="2">विद्यालयको नाम</th><th colspan="4">भौ.नं.६९ बाट निकासा दिएको</th><th colspan="4">भौ.नं.२४५बाट निकासा दिएको</th><th rowspan="2">कुल जम्मा</th></tr>
<tr><th>विद्यार्थी</th><th>दिन</th><th>दर</th><th>जम्मा</th><th>विद्यार्थी</th><th>दिन</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>आदर्श विद्या मन्दिर मावि</td><td>१९२</td><td>६०</td><td>१५</td><td>१७२८००</td><td>१२३</td><td>५१</td><td>१५</td><td>९४०९५</td><td>२६६८९५</td></tr>
<tr><td>२</td><td>पशुपति प्रा वि</td><td>७६</td><td>६०</td><td>१५</td><td>६८४००</td><td>७६</td><td>५१</td><td>१५</td><td>५८१४०</td><td>१२६५४०</td></tr>
<tr><td>३</td><td>सरस्वती मावि</td><td>१४५</td><td>६०</td><td>१५</td><td>१३०५००</td><td>१७४</td><td>५१</td><td>१५</td><td>१३३११०</td><td>२६३६१०</td></tr>
<tr><td>४</td><td>भृकुटी मावि</td><td>३६९</td><td>६०</td><td>१५</td><td>३३२१००</td><td>४२७</td><td>५१</td><td>१५</td><td>३२६६५५</td><td>६५८७५५</td></tr>
</table>

</td><td>२,३८२,२१०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ | हिमाली मावि | २८२ | ६० | १५ | २५३८०० | ३८४ | ५१ | १५ | २९३७६० | ५४७५६० | | |
| | | | | ६ | चम्पापुर मावि | १३१ | ६० | १५ | ११७९०० | १५० | ५१ | १५ | ११४७५० | २३२६५० | | |
| | | | | ७ | कन्काई गायत्री प्रा वि | १९७ | ६० | १५ | १७७३०० | २७७ | ५१ | १५ | २११९०५ | ३८९२०५ | | |
| | | | | ८ | कनकाई मावि | ३८७ | ६० | १५ | ३४८३०० | ४५४ | ५१ | १५ | ३४७३१० | ६९५६१० | | |
| | | | | ९ | जानकी आवि | ११७ | ६० | १५ | १०५३०० | ११७ | ५१ | १५ | ८९५०५ | १९४८०५ | | |
| | | | | १० | देवकोटा प्रावि | ८४ | ६० | १५ | ७५६०० | ११८ | ५१ | १५ | ९०२७० | १६५८७० | | |
| | | | | ११ | सिंहदेवी आवि | ३१९ | ६० | १५ | २८७१०० | ३५९ | ५१ | १५ | २७४६३५ | ५६१७३५ | | |
| | | | | १२ | जनचेतना आवि | १२९ | ६० | १५ | ११६१०० | १४२ | ५१ | १५ | १०८६३० | २२४७३० | | |
| | | | | १३ | भगवती आवि | १९२ | ६० | १५ | १७२८०० | २५४ | ५१ | १५ | १९४३१० | ३६७११० | | |
| | | | | १४ | पञ्चकन्य प्रावि | ५० | ६० | १५ | ४५००० | ५९ | ५१ | १५ | ४५१३५ | ९०१३५ | | |
| | | | | | | **२६७०** | | | **२४०३०००** | **३११४** | | | **२३८२२१०** | **४७८५२१०** | | |
| ४५ | विभिन्न | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>**प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका सबै वडामा **नदी नियन्त्रण, नाला मर्मत, वाल घेराबारा मर्मत, तटबन्धन** लगायतको निर्माण कार्य कार्यक्रम सञ्चालन गरी यस वर्ष **४२१** जनालाई औषतमा ७२ दिन रोजगारी उपलव्ध गराई रु.१६६३९३३५/- खर्च गरेको छ । लक्षित वर्गलाई **१ देखि ३१** दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला **रु.१५५३२०००/-**, प्रशासनिक र कार्यक्रम खर्च **रु.११०७३३५**/- समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । साथै श्रमिक ज्याला बैंकमार्फत वितरण गर्नुपर्नेमा नगदै वितरण गरेको पाईयो । | | | | | | | | | | | | | |
| ४६ | १०५ र १८७ | | **वाश सहितको शौचालय निर्माणः**<br>संघिय सरकारबाट शिक्षातर्फ प्राप्त कार्यक्रम कार्यान्वयन तथा बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ मा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालेविद्यालय भौतिक निर्माण अनुदान बापत प्राप्त रकमबाट वाश सहितको शौचालय निर्माण गर्न कन्काई गायत्री प्रा.वि लाई रु.७०००००/- निकासा दिएकोमा लेखापरीक्षणमा प्राप्त कार्यसम्पन्न प्रतिवेदन बमोजिम रु.६७२४९३/- मात्र कार्य भएको देखिएकोले बाँकी रु.२७५०७/- सम्बन्धित बाट असुल गरी संघीय संचितकोष फिर्ता हुनुपर्दछ रु... | | | | | | | | | | | | | २७,५०७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | विभिन्न | | **अन्य शैक्षिक अनुदानः**<br>शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न मिति र भौचरबाट तपसिलको अनुदान रकम विद्यालय खातामा निकासा दिएकोमा सोको अनुगमन गरी अनुदान रकम तोकिएको कार्यमा प्रयोग गरे नगरको सम्बन्धमा अनुगमन प्रतिवेदन तयार गरेको पाइएन । निकासा दिएको अनुदान रकम तोकिएको कार्यमा प्रयोग भएको सम्बन्धमा पालिकाले सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो । | |

| **भौ.नं. र मिति** | **व्यहोरा** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १६८-२०७८।३।४ | पूर्व प्राथमिक देखि कक्षा १२ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी मासिक रु.२००/- को दरले स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न रकम विद्यालय निकासा | १४४०४०० | अनुदान रकमबाट विद्यार्थीलाई स्वास्थ्य सुरक्षा सामग्री खरिद गरे नगरेको सम्बन्धमा अनुगमन गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन |
| २४६-२०७८।३।२३ | पि सि एफ प्राविधिक धारतर्फको अनुदान बापत श्री आदर्श विद्या मन्दिरलाई रकम निकासा | १०३४००० | प्रति विद्यार्थी वार्षिक रु.१५०००/-को दरले निकासा दिएकोमा OJTको प्रगति प्रतिवेदन र विद्यार्थी संख्या एकिन हुने प्रमाण लेखापरीक्षणमा पेश भएन । |
| २४९-२०७८।३।२३ | कक्षा ४-१२ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी मासिक रु.१२५/- को दरले ३ महिनाको CUG रकम विद्यालय निकासा | १७१५२५० | अनुदान रकमबाट विद्यार्थीलाई CUG सेवामा आवद्ध गराए नगराए सम्बन्धमा अनुगमन गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन |
| **जम्मा** | | **4189650** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | १९१ | २०७८-३-१४ | **धार्मिक विद्यालय अनुदानः**<br>शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ को अनुसुची १४(८) मा शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत धार्मिक विद्यालयलाई दिने अनुदान समबन्धि व्यवस्था रहेको छ । पुस्तिकामा तोकिएको शिर्षकमा बाहेक पालिकाले उल्लेखित कार्यक्रमबाट निम्न विद्यालयलाई प्रति विद्यालय सामाजिक लेखापरीक्षण बापत रु.१००००/- र विद्यालय सुधार योजना बापत रु.१५०००/- ले निकासा दिएको पाइयो । तोकिएको शिर्षक बाहेकमा बिद्यालयमा बढि निकासा दिएको रकम एकिन गरी असुल हुनुपर्ने रु… | ७५,००० |

| **क्र.सं** | **विद्यालयको नाम** | **रकम** |
|---|---|---|
| १ | गौसिया राजविया मदर्सा घैलाड्डुब्बा | २५००० |
| २ | नुरी मदर्सा | २५००० |
| ३ | कानकाई गायत्री वैद्यिक विद्यापिठ कोटिहोम | २५००० |
| **जम्मा** | | **७५०००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | २३६ | २०७८-३-२३ | **ई हाजिरी मेशिन खरिदः**<br>संघिय सरकारबाट शिक्षातर्फ प्राप्त कार्यक्रम कार्यान्वयन तथा बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ मा तोकिए बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ ।कृयाकलाप नं २.७.१३.३(प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान) बाट पोर्टफोलियो निर्माण, बुक कर्नर, शिक्षण सिकई सामग्री व्यवस्थापनमा खर्च गर्न मिल्ने व्यावस्था रहेकोमा पालिकाले उल्लेखित भौचर र मितिबाट विद्यालयहरुको लागि १० थान ई-हाजिरी मेशिन खरिदबापत कम्प्युटर सलुशनलाई रु.२२४९८३/- भुक्तानी दिएको पाईयो । खरिद गरिएको उक्त मेशिनहरु पालिकाको जिन्सी खातामा आम्दानी जनाई मौज्दात राखेको पाईयो । आवश्यक्ता पहिचान बेगर असम्बन्धित शिर्षकबाट खरिद गरिएको हाजिरी मेशिन सम्बन्धित विद्यालयमा हस्तान्तरण भई जडान गरी प्रयोगमा आएको प्रमाण लेखापरीक्षणमा पेश नभएको खर्च रु... | २२४,९८३ |
| ५० | विभिन्न | | **असम्बन्धित शिर्षकबाट खर्चः**<br>संघीय सरकारबाट प्राप्त बजेट खर्च गर्दा तोकिएको नर्म्स बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघिय सरकारबाट प्राप्त बजेटमध्ये तपसिलको भौचर नं र मितिबाट तोकिएको शिर्षक बाहेकमा रकम खर्च लेखेको पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिका लगायतको तोकिएको नर्म्समा तोकिएको कृयाकलाप/शिर्षक फरक गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु... | ६,४५२,४५९ |

| **भौ.नं. र मिति** | **खर्च लेखेको कृयाकलाप** | **बापत** | **रकम** |
|---|---|---|---|
| १०४-०७७।१२।२२ (शिक्षा सशर्त) | शैक्षिकपहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | विराट प्राविधिक शिक्षा एवं परामर्श सेवा प्रालिलाई वित्तिय साक्षरता एवं क्षमता विकास सम्बन्धि ५ दिने तालिम | १९६००० |
| २५०-२०७८।३।२३ (शिक्षा सशर्त) | विद्यालय संचालन तथा व्य. अनुदान | नपुग छात्रवृत्ति रकम सिंहदेवी आ वि | ३१६०० |
| १२१-२०७८।१।२० (शिक्षा सशर्त) | छात्रवृत्ति(आवासिय तथा गैर आवासिय) | बाल शिक्षक तलब तथा विद्यालय कर्मचारी व्य अनुदान | ९५२००० |
| २४८-२०७८।३।२३ (शिक्षा सशर्त) | विद्यालय संचालन तथा व्य. अनुदान | छात्रवृत्ति(आवासिय तथा गैर आवासिय) | ७१८१०० |
| २४८-२०७८।३।२३ (शिक्षा सशर्त) | बाल शिक्षक तलब तथा विद्यालय कर्मचारी व्य अनुदान | छात्रवृत्ति(आवासिय तथा गैर आवासिय) | ६९७०००० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | २४६-२०७८।३।२३ (शिक्षा सशर्त) | मावि शिक्षकको तलब | प्राविधिक धारतर्फको पि.सि.एफ अनुदान श्री आदर्श विद्या मन्दिरलाई रकम निकासा | ११८८४३ | |
| | | | ६६-२०७७।१०।१२ (स्वास्थ्य सशर्त) | स्वास्थ्यकर्मीको तलब | कोभिड १९ अस्थायी अस्पतालमा कार्यरत मे.अ.डा अभिशेख नायक र स्टाफ नर्स बेनिसा प्रसाईलाई क्रमश: रु.६५०००/- रु.३२०००/- कोभिड भत्ता(१००%) भुक्तानी | ९७००० | |
| | | | ९५-२०७७।११।२८ (स्वास्थ्य सशर्त) | मातृ तथा नव शिशु…आमा सुरक्षा कार्यक्रम | स्वास्थ्यकर्मीको ०७७ फागुनको तलब भुक्तानी | ७२५२१२ | |
| | | | १५८-२०७८।३।१ (स्वास्थ्य सशर्त) | स्वास्थ्यकर्मीको तलब | भ्रमण खर्च रकम भुक्तानी | १३७५० | |
| | | | १५९-२०७८।३।१ (स्वास्थ्य सशर्त) | स्वास्थ्यकर्मीको तलब | औषधि ढुवानी | ५००० | |
| | | | २३७-२०७८।३।२३ (स्वास्थ्य सशर्त) | मातृ तथा नव शिशु…आमा सुरक्षा कार्यक्रम | नागरिक आरोग्य केन्द्रको लागि औषधि, फर्निचर लगायतको सामग्री खरिद बापत रु.१०१५७६/- र आधारभूत स्वास्थ्य सेवाको लागि औषधि खरिद बापत रु.४९८७३०/- | ६००३०६ | |
| | | | २६८-२०७८।३।२४ (स्वास्थ्य सशर्त) | स्वास्थ्यकर्मीको तलब | प्रसुति खर्च रु.५८८००/-<br>गर्भपतन सेवा बापत रु.३३६००/-<br>नाईट ड्युटी भत्ता रु.८६२५०/- | १७८६५० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | २७०-२०७८।३।२४ (स्वास्थ्य सशर्त) | कोभिड १९ अस्थायी अस्पतालमा कार्यरत चिकित्सकको तलब | आईसोलेशनको मेश संचालनबापत डा.मनिष तिम्सिनालाई भुक्तानी | २१४५३८ | |
| | | | २७३-२०७८।३।२४ (स्वास्थ्य सशर्त) | स्वास्थ्यकर्मीको तलब | दैनिक भ्रमण भत्ता बापत खगेन्द्र प्रसाद दंगालको रकम भुक्तानी | ३५००० | |
| | | | २७६-२०७८।३।२४ (स्वास्थ्य सशर्त) | स्वास्थ्यकर्मीको तलब | दैनिक भ्रमण भत्ता बापत पवन थपलियकाको रकम भुक्तानी | २७०० | |
| | | | २७८-२०७८।३।२५ (स्वास्थ्य सशर्त) | कोभिड १९ अस्थायी अस्पतालमा कार्यरत चिकित्सकको तलब | सगरमाथा साउण्ड सर्भिसेजलाई टेण्टबापतको रकम भुक्तानी | १०००० | |
| | | | २७८-२०७८।३।२५ (स्वास्थ्य सशर्त) | आधारभूत स्वा सेवा केन्द्र संचालन खर्च | प्राविधिक सहायक पदको विज्ञापन शुल्क भुक्तानीनयन एड्भर्टाईजिङ मिडिया | ८०६८२ | |
| | | | २९५-२०७८।३।२९ (स्वास्थ्य सशर्त) | कोभिड १९ अस्थायी अस्पतालमा कार्यरत चिकित्सकको तलब | स्वास्थ्य सामग्री खरिदबापत भोजराज आचार्यलाई भुक्तानी | १००००० | |
| | | | ३०२-२०७८।३।३० | स्वास्थ्यकर्मीको तलब | २०७८।२।७ को कार्यपालिका बैठक निर्णय ११२ बाट आईसोलेशनमा खटिएका स्वास्थ्य कर्मचारीलाई ५५ दिनको जोखिम भत्ता भुक्तानी | १६७६०७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | (स्वास्थ्य सशर्त) | | | | |
| | | | **जम्मा** | | | **६४५२४५९** | |
| ५१ | १२१, २४८ र २५० | | **छात्रवृत्तिः** (see below) | | | | २,१८६,६०० |

**छात्रवृत्तिः**

विद्यालयका विद्यार्थीहरुको लागि तोकिएको फिडर, अपाङ, दलित तथा छात्रा छात्रवृति बापत रु.४५१२७००/- रकम विद्यालय खातामा निकासा गरेको छ । कोविड-१९ को कारण 2078/1/13 देखि विद्यालयहरु बन्द रहेको अवस्थामा विद्यालयले तोकिएको आधारमा छात्रवृत्ति पाउने विद्यार्थीलाई रकम बुझाएको भरपाई र पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...

| **विद्यालयको नाम** | **दलित छात्रवृत्ति (१-८) संख्या** | **छात्रा छात्रवृत्ति (१-८) संख्या** | **सिमान्तकृत छात्रवृत्ति (१-८) संख्या** | **आवासिय अपाङ्ग छात्रवृत्ति संख्या** | **कुल छात्रवत्ति रकम** | **फिडर होस्टेल छात्रवृत्ति** | **कुल जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| आदर्श विद्या मन्दिर मावि | १०८०० | ५३२०० | ५१००० | | ११५००० | | ११५००० | |
| पशुपति प्रा वि | ६४०० | ४००० | ८००० | | १८४०० | | १८४०० | |
| सरस्वती मावि | २६८०० | ३८४०० | ३३००० | | ९८२०० | | ९८२०० | |
| भृकुटी मावि | २६८०० | ५६००० | ३०००० | | ११२८०० | | ११२८०० | |
| हिमाली मावि | १६४०० | ६६००० | १९००० | ६४०००० | ७४१४०० | २००००० | ८४०००० | फिडर र आवासिय अपाङतर्फको बाँकी |
| चम्पापुर मावि | ८८०० | २७२०० | २०५०० | | ५६५०० | | ५६५०० | |
| कन्काई गायत्री प्रा वि | १२८०० | ८८०० | १६००० | | ३७६०० | | ३७६०० | |
| कनकाई मावि | ३४४०० | ११८८०० | ६०५०० | १६०००००| १८१३७०० | १०००००० | ५८९००० | फिडर र आवासिय अपाङतर्फको बाँकी |
| जानकी आवि | १३२०० | २४४०० | ३१००० | | ६८६०० | | ६८६०० | |
| देवकोटा प्रावि | ४४०० | ५२०० | ५५०० | | १५१०० | | १५१०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सिंहदेवी आवि | १६००० | ३८८०० | १७००० | | ७१८०० | | १०३४०० | भौनं २५० को थप रु.३१६००/- समेत | |
| | | | जनचेतना आवि | १०००० | ३०४०० | ५००० | | ४५४०० | | ४५४०० | | |
| | | | भगवती आवि | २५६०० | १७६०० | ३१००० | | ७४२०० | | ७४२०० | | |
| | | | पञ्चकन्य प्रावि | ० | २४०० | १०००० | | १२४०० | | १२४०० | | |
| | | | **जम्मा** | **२१२४००** | **४९१२००** | **३३७५००** | **२२४००००** | **३२८११००** | **१२०००००** | **२१८६६००** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | विभिन्न | | **थप भत्ताः** नेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्बन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई महंगी भत्ता बाहेक थप भत्ताको व्यवस्था रहेको पाइएन । पालिकाले स्वास्थ्य सेवातर्फको निम्न कर्मचारीलाई जोखिम/फिल्ड भत्ता जनाईभुक्तानी दिएको थप रकम एकिन गरी असुल हुनुपर्ने रु... | १०२,६०० |

| क्र.सं. | कर्मचारीको नाम | मासिक भत्ता दर | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | डा. विद्या पोखरेल | १२५० | १५००० | जोखिम भत्ता |
| २ | डा. काजल विश्वकर्मा | १२५० | १५००० | जोखिम भत्ता |
| ३ | डा. मनिष तिम्सिना | १२५० | १५००० | जोखिम भत्ता |
| ४ | अ.न.मी पाँचौ ईन्दिरा उप्रेति | १५०० | १२००० | फिल्ड भत्ता (८ महिना) |
| ५ | अ.न.मी पाँचौतारा देवी शिवाकोटी | १५०० | २७६०० | फिल्ड भत्ता (१२ महिना र २०७६।७७ को ९६०० समेत) |
| ६ | अ.हे.व चौथो पवित्रा पौडेल | १५०० | १८००० | फिल्ड भत्ता (१२ महिना) |
| **जम्मा** | | | **१०२६००** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td>विभिन्न</td><td></td><td>

**दायित्व भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी राख्न मिल्ने खर्च शिर्षक(तलब, महँगी भत्ता तथा स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोषाक, सेवा निवृत सुविधा, सम्झौता भएको शर्त अनुसार भुक्तानी दिन बाँकी ) सम्बन्धमा व्यवस्था छ । नियममा तोकिएको शिर्षक बाहेक दायित्व सिर्जना रहेको जनाई पालिकाले यो वर्ष तपसिलको भुक्तानी दिएको रकम अनियमित देखिएको रु...

<table>
<tr><th>भौ.नं. र मिति</th><th>बजेट खर्च लेखेको शिर्षक</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३-२०७७।६।१६</td><td rowspan="2">स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महँगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत</td><td>६२२८००</td><td>आ.व.२०७६।७७को यातायात खर्च, खाजा खर्च बापतको रकम भुक्तानी</td></tr>
<tr><td>५-२०७७।६।१८</td><td>२६३१००</td><td>आ.व.२०७६।७७को यातायात खर्च र प्रोत्साहन भत्ताबापतको रकम भुक्तानी</td></tr>
<tr><td>२११-०७८।३।२१</td><td>कोभीड १९ अस्थाई अस्पतालमा कार्यरत चिकित्सक समेतको तलव २०७८ असार सम्मको</td><td>११८००</td><td>आ.व.२०७६।७७को नितु सोडारीलाई फिभर क्लिनिक बापतको रकम भुक्तानी</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८९७७००</td><td></td></tr>
</table>

</td><td>८९७,७००</td></tr>
<tr><td>५४</td><td>१४७</td><td>२०७८-२-२५</td><td>

**आमा सुरक्षा कार्यक्रमः**

संघिय सरकारबाट आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमतर्फ प्राप्त बजेट खर्च गर्दा आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५(तश्रो संशोधन) मा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । जस अनुसार सरकारी अस्पताल वा सो भन्दा मुनिको स्वास्थ्य संस्थामा प्रसुति हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला (लुगा सेट) र यातायात खर्च बापत प्रति सुत्केरी रु.१०००/-उपलब्ध गराउन मिल्ने व्यवस्था छ । १ सेट न्यानो झोलामा नवजात शिशुको लागि २ वटा टोपी, २ वटा पेटे भोटो, २ वटा दौरा, एउटा र्‍यापर र बेबी म्याट(एकातर्फ प्लाष्टिक र अर्को तर्फ फलाटीनको कपडा भएको) र आमालाई एउटा म्याक्सी हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उल्लेखित भौचरबाट पालिकातर्फको उपमेयर सुत्केरी पोषण कार्यक्रम अन्तर्गत निम्न सामग्री खरिद र भुक्तानीबापत सहायक पाँचौ कमला विश्वकर्मालाई संघतर्फको आमा सुरक्षा कार्यक्रमबाट भुक्तानी दिएकोमा निर्देशिकामा तोकिएको कार्य बाहेकमा खर्च गरेको रकम अनियमित देखिएको रु...

<table>
<tr><th>सुत्केरी संख्या</th><th>दर</th><th>भुक्तानी रकम</th><th>बापत</th></tr>
<tr><td>१५०</td><td>२०००</td><td>३०००००</td><td>सुत्केरीलाई यातायात खर्च भुक्तानी</td></tr>
<tr><td>१५०</td><td>३७०</td><td>५५५००</td><td>झुल खरिद</td></tr>
<tr><td></td><td></td><td>७७००</td><td>खाना खाजा खर्च</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६३२००</td><td></td></tr>
</table>

</td><td>३६३,२००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td>विभिन्न</td><td></td><td>बढी भक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्नु अघि सो खर्च संग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडा नं ८ को आधारभूत स्वास्थ्य केन्द्ररहने गरी घरधनी भिम कुमारी उप्रेतिको घर २०७७।५।१ देखि २०७८।३।३१ सम्म प्रयोग गर्नेगरी मासिक रु.९०००/- मा बहाल सम्झौता भएको पाईयो । पालिकाले निम्न भौचर र मितिबाट घर भाडा बापत निजलाई माघ र फागुन महिनाको दोहोरो भाडा भुक्तानी दिएकोले बहाल कर कट्टी घटाई बढी भुक्तानी रकम असुल गरी संघिय संचित कोष फिर्ता हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>महिना</th><th>रकम</th></tr>
<tr><td>९।२०७७।६।२१</td><td>भाद्र-अश्वीन</td><td>१८०००</td></tr>
<tr><td>८७।२०७७।११।१४</td><td>कार्तिक-फागुन</td><td>४५०००</td></tr>
<tr><td>१८१।२०७८।३।९</td><td>माघ-असार</td><td>५४०००</td></tr>
</table></td><td>१६,२००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>प्रविधि हस्तान्तरण<br>गरिवी निवारणका लागी उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यवसायीक योजना अनुसार कार्यक्रम र बजेटको परीधिभित्र रही लघुउद्यमी , लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था रहेको छ । निर्देशिकामा यसरी हस्तान्तरण हुने प्रविधिको कुल अंकको वीस प्रतिशत रकम उद्यमीबाट लागत साझेदारी गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले तपसिलको उद्यमीलाई प्रविधि हस्तान्तरण गरेकोमा तोकिएको अंश रकम व्यहोर्न लगाएको पाईएन । कार्यक्रम संचालन निर्देशिका भन्दा फरक गरी स्वीकृति बेगर भुक्तानी दिएको अनियमित रु...
<table>
<tr><th>वितरण गरिएको सामग्री</th><th>रकम</th><th>२० प्रतिशत लागत साझेदारी रकम</th></tr>
<tr><td>बंगुरको पाठो १४ वटा</td><td>७३६८७</td><td>१४७३८</td></tr>
<tr><td>फर्मा २ सेट</td><td>१५०००</td><td>३०००</td></tr>
<tr><td>सारी बुन्ने तान २ थान</td><td>६३२८०</td><td>१२६५६</td></tr>
<tr><td>सिलाई मेशिन</td><td>१३४९५६</td><td>२६९९१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५७३८५</td></tr>
</table></td><td>५७,३८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td>विभिन्न</td><td></td><td>संघीय संचितकोष फिर्ताः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघिय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तिय हस्तान्तरण रकम मध्ये सम्बन्धित आर्थिक वर्षको अन्त्यमा खर्च नभई जुनसुकै खातामा बाँकी रहेक सशर्त अनुदान संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । पालिकाले संघ सशर्त तर्फको तपसिलको कार्यक्रममा प्राप्त बजेट खर्च भई नगरपालिका खातामा दाखिला गरेको मौज्दात रकम एकिन गरी संघिय संचित कोष फिर्ता हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="3">२२८।२०७८।३।२२</td><td>उद्यमशिलता विकास तालिम कार्यक्रम</td><td>१७४००</td><td rowspan="3">उल्लेखित कार्यक्रम संचालन बापत सरिता दनुवारलाई भुक्तानी दिएकोमा खर्च नभई बाँकी रकम पालिका संचित खातामा जम्मा गरेको</td></tr>
<tr><td>उद्यम विकासको लागि सामाजिक परिचालन कार्यक्रम</td><td>११४०</td></tr>
<tr><td>लघुउद्यम विकास तालिम</td><td>५००००</td></tr>
<tr><td>२९८।२०७८।३।३०</td><td>आमा सुरक्षा कार्यक्रम</td><td>३२००००</td><td>खर्च नभई मौज्दात रकम पालिका संचितकोष दाखिला</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३८८५४०</td><td></td></tr>
</table></td><td>३८८,५४०</td></tr>
<tr><td>५८</td><td>५६</td><td>२०७७-९-२१</td><td>बढि भुक्तानीः<br>उल्लेखित भौचर र मितिबाट रोजगार संयोजक सरोज मैनालीलाई बैठक भत्ताबापत रु.२३०००/- भुक्तानी दिएकोमा संलग्न बिल भरपाई अनुसार ३ बैठकको रु.२१०००/- भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी दिएको रु.२०००/- र शा.अ. विवेक भण्डारीले भत्ता बुझेको पाईएन सोको खर्च लेखेको रकम रु.१०००/- समेत बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु...३०००/-</td><td>३,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td>विभिन्न</td><td></td><td>छुट पारिश्रमिक करः<br>आयकर ऐन २०५८ को दफा ४(२) अनुसार कुनै व्यक्तिको एक आर्थिक वर्षको आयमा लाग्ने करको गणना गर्दा अनुसुची १ मा तोकिएको दरबाट गणना गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको स्वास्थय तर्फको निम्न कर्मचारीको वार्षिक आयमा लाग्ने कर कट्टी नगरी घटी कर कट्टी गरेकोले असुल हुनुपर्ने रु...<br>
<table>
<tr><th>पद</th><th>कर्मचारीको नाम</th><th>छुट पाकर</th></tr>
<tr><td>मे.अ आठौं</td><td>विद्या पोखरेल</td><td>2065.99</td></tr>
<tr><td>मे.अ आठौं</td><td>दुर्योधन यादव</td><td>3023.9</td></tr>
<tr><td>मे.अ आठौं</td><td>मनिष तिम्सिना</td><td>12399</td></tr>
<tr><td>स्टाफ नर्स सातौं</td><td>सरस्वती मास्के</td><td>3146.41</td></tr>
<tr><td>ल्या.अ.सातौं</td><td>राकेश सिं ठकुरी</td><td>2218.63</td></tr>
<tr><td>सि.अ.हेव छैठौं</td><td>ईन्द्रहरी भट्टराई</td><td>2088.57</td></tr>
<tr><td>सि.अ.हेव छैठौं</td><td>गंगा न्यौपाने</td><td>1218.57</td></tr>
<tr><td>हे अ पाँचौं</td><td>तारा देवी सिवाकोटी</td><td>2762.1</td></tr>
<tr><td>सि.अ.हेव छैठौं</td><td>शिव प्रसाद साह</td><td>450.57</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>29373.74</td></tr>
</table></td><td>२९,३७४</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>आनुपातिक कट्टीः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई भुक्तानी दिंदा लागत अनुमानमा भएको मू.अ. कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । लागत अनुमान भन्दा घटीमा कार्य सम्पन्न भएमा सम्झौताको बाँडफाँडमा तोकिए बमोजिमको कार्यालयले व्यहोरिने रकम समेत सोही अनुपातमा घटाई भुक्तानी गर्नुपर्दछ । पालिका र भुरुङ्गा खोलामा पुल निर्माण उपभोक्ता समितिबीच रु.२२०७०८६/- को लागत अनुमान भएको पुल निर्माण कार्यमा नगरपालिकाले रु.२००००००/- व्यहोर्नेगरी सम्झौता भएको पाईयो । उक्त कामको रु.२१९६९६६।९८ बरावरको मात्र कार्य सम्पन्न भएको देखिएकोमा घटी भएको कार्यको सोही अनुपातमा कार्यालयले व्यहोर्नुपर्ने अंश घटाएरमात्र सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्नेमा सम्झौतामा उल्लेखित पुरै रकम रु.२००००००/- भुक्तानी दिईएको देखिएकोले बढी भुक्तानी देखिएको रकम असुल हुनुपर्ने रु...</td><td>९,१७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | ८९ | २०७७-११-१८ | **सुधारिएको चुल्हो खरिदः**<br>पालिकाल् उल्लेखित मिति र भौचरबाट ४७ वटा सुधारिएको चुल्हो प्रति गोटा रु.४२०३।६० का दरले खरिद बापत कन्चन्जङ्गा गोबर ग्यास तथा उर्जा विकास कम्पनि प्रा लिलाई रु.१९७०००/- भुक्तानी दिएकोमा खरिद भएको चुल्हो जिन्सी दाखिला गरिएको तर वितरण गरेको पाईएन । आवश्यक्ता पहिचान बेगर खरिद गरी मौज्दात राख्ने कार्य उचित नदेखिएको रु...१९७०००/- | १९७,००० |
| ६२ | २३० | २०७८-१०-२७ | **पकेट विकास कार्यक्रमः**<br>पालिका र समावेशी मकै पकेट कृषक समुह बिच रु. १४७००००/- लागत अनुमान भएको मकै पकेट विकास कार्यक्रम पालिकाले रु. १००००००/- व्यहोर्ने गरी सम्झौता भएको छ । पालिकाले उल्लेखित भौचरबाट रु.१३०६३५२/- को बिलभरपाई संलग्न गरी रु. ९२४३८२/-भुक्तानी दिएको पाईयो । कृषक समुहले उल्लेखित रकम रु.१३९९६६१/- को बिल भरपाई संलग्न गरेरमात्र पाउनेमा आनुपातिक कट्टी अनुसार घटी बिलभरपाई राखि बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु... | ६१,६६७ |
| ६३ | १२३ | २०७८-२-२१ | **बढी भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्नु अघि सो खर्च संग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित भौचर र मितिबाट ९वटै वडामा व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि अभिमुखिकरण तथा प्रशिक्षण कार्यक्रम बापत भोजराज आचार्यलाई रु.२२६२५०/- भुक्तानी दिएकोमा श्रेस्तासाथ रु.२११६०५/- को मात्र बिलभरपाई संलग्न रहेको पाईयो । बिल भरपाई भन्दा बढी भुक्तानी दिएको रकम एकिन गरी असुल हुनुपर्ने रु... | १४,६४५ |
| ६४ | | | **लघु उद्यम कार्यक्रम** | |
| ६४.१ | | | लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यवसायीक योजना अनुसार कार्यक्रम र बजेटको परीधिभित्र रही लघु उद्यमी , लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था गरिवी निवारणका लागी उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा रहेको छ । यसरी हस्तान्तरण भएका प्रविधिहरुको कुल लागत अंकको कम्तिमा वीस प्रतिशत रकम उद्यमीले व्यहोर्नु पर्ने समेत निर्देशिकामा उल्लेख छ । पालिकाले आवश्यक्ता पहिचानका आधारमा पूर्नताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन स्थानीय विकास सहकार्य केन्द्र प्रा.लि. मार्फत गरी रु. ४९८०४८/- भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् | |
| ६४.२ | | | निर्देशिकामा तालिम सञ्चालन कार्यमात्र सेवा प्रदायक संस्था मार्फत गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले तालिम सञ्चालनमा विनियोजित बजेट बाट सेवा प्रदायक संस्था बिना प्रतिस्पर्धा सोझै छनौट गरी प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु. | ४९८,०४८ |
| ६४.३ | | | पालिकाले तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सामग्री खरिद गर्ने सम्झौता गरी रु. ४८६२३९/- बराबरको सामग्री सेवा प्रदायक मार्फत खरिद गरी प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरेको पाइयो । यसरी प्रविधि हस्तान्तरण गर्दा निर्देशिकामा भएको व्यवस्था बमोजिम न्यूनतम २० प्रतिशत रकम रु. ९७२४८/- समेत व्योहरेको पाइएन । निर्देशिकामा व्यवस्था भए बमोजिम लागत सहभागिताको अंश नलिई भुक्तानी गरेको अनियमित खर्च रु... | ९७,२४८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td>२३०</td><td>२०७७-९-२०</td><td>कार्यालय सञ्चालन खर्च<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्च सँग सम्बन्धित विल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले भोजराज आचार्यको कार्यालय सञ्चालन खर्च पेश्की रकम रु. २०००००/- फछ्र्यौट गरेकोमा संलग्न बिल भरपाईको जोड जम्मा रु. १७६०४०/- मात्र पेश गरेको छ । तसर्थ खर्च नभएको बाँकी रकम रु.२३९६०/- र उक्त खर्च रकममा गर्नुपर्ने अग्रीम कर कट्टी बापतको रकम रु. २६४०/- समेत रु. २६६००/- असुल गरी सम्बन्धीत शिर्षकमा दाखिला गर्नुपर्ने रु.</td><td>२६,६००</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>ह्युमपाईपको उपयोग तथा खपत<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउने व्यवस्था छ । नगरपालिकाबाट उपभोक्ता समिति मार्फत देहायबमोजिम खरिद भएका ह्युमपाईपको खरिद कार्यको कार्यसम्पन्न तयार भएको पाइयो । खरिद भएका ह्युमपाईप जिन्सी दाखिला गरेको पाइएन । ह्युमपाईपको उपयोग तथा खपत देखाउने बास्तविक कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु..
<table>
<tr><th>सि.नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>स्पेसिफिकेसन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">ह्युमपाईप खरिद उ.स. कन्काई १</td><td>३/३००mm</td><td>18</td><td rowspan="3">३०००००</td></tr>
<tr><td>3/450mm</td><td>16</td></tr>
<tr><td>3/600mm</td><td>2</td></tr>
<tr><td rowspan="3">२</td><td rowspan="3">ह्युमपाईप खरिद उ.स. कन्काई २</td><td>३/३००mm</td><td>२२</td><td rowspan="3">२४२५८८</td></tr>
<tr><td>3/450mm</td><td>६</td></tr>
<tr><td>3/600mm</td><td>२.५</td></tr>
<tr><td rowspan="3">३</td><td rowspan="3">ह्युमपाईप खरिद उ.स. कन्काई ५</td><td>३/३००mm</td><td>१७</td><td rowspan="3">२०००००</td></tr>
<tr><td>3/450mm</td><td>६</td></tr>
<tr><td>3/600mm</td><td>२</td></tr>
<tr><td></td><td>जन्सी</td><td></td><td></td><td>७४२५८८</td></tr>
</table></td><td>७४२,५८८</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भएका निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट वडा नं. ४ को लागि ४४ थान ह्युमपाईपको सोझै पानस सिमेन्ट कन्क्रिट इन्डसट्रिज संग रु. ४५४५३१।०० मा खरिद गरेको पाइयो । खरिद भएका ह्युमपाईप जिन्सी दाखिला गरी वडालाई हस्तान्तरण गरेकोमा १३ थान ह्युमपाईपको प्रयोग तथा खपत खुल्ने कार्यसम्पन्न प्रतिवेदन पेश भएको पाईयो । बाँकी ३१ थान ह्युमपाईपको प्रयोग तथा खपत खुल्ने बास्तविक कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु..</td><td>३२०,२३८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **लकडाउनको अवस्थामा तालिम संचालन**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी खर्च रकम भुक्तानी दिदा रीत पुगे नपुगेको एकीन गरी भएको बास्तविक खर्चको भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले तान बुनाई सिकाई कार्यक्रम नेपाल आदिवासी जनजाती महासंघ नगर समन्वय परिषद कन्काईबाट मिति २०७७।१।२ देखी २०७८।३।१० सम्म संचालन गराई रु.५००००।०० भुक्तानी दिएको पाईयो । उक्त समयावधिमा नेपाल सरकारले देशभर लकडाउन गरेको अबस्थामा तालिम संचालन गरेको प्रमाण बास्तविक भएको मान्न सकिने नदेखिएको अनियमित खर्च रु.. | ५००,००० |
| ६९ | विभिन्न | | **मेयर आवास कार्यक्रम**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले मेयर आवास कार्यक्रम अन्तर्गत प्रति वडा रु. ३००००००/- का दरले घर निर्माणका लागि कार्पायलिकाको २०७७।१२।२३ गते को निर्णयअनुसार विनियोजन गरेको छ । उक्त कार्यक्रम अन्तर्गत प्रति घर रु. २२१७२०/- का दरले लागत अनुमान तयार गरी वडा ५ बाहेकका बाँकी वडाहरुमा उपभोक्ता समिति गठन गरी प्रत्येक वडा मा १५ वटा घर निर्माण कार्य गर्न सम्झौता गरेको छ । पालिकाले देहायका वडाहरुमा यो वर्षमा भएको कामको नापजाँच गरी रनिङ्ग विल बाट रु.३६५०७२३/- भुक्तानी गरेको छ । पालिकाले सम्झौता बमोजिम घर निर्माण गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यसम्म पनी कार्य सम्पन्न पेश नभएको रु. | ३,६५०,७२३ |

| वडा नं. | सम्झौता भएको घर संख्या | सम्झौता रकम | रनिङ्ग विल पेश | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३ | १५ | ३३२५८१५ | प्रथम | ८१३६०० |
| ४ | १५ | ३३२५८१५ | प्रथम | ५५९९४८ |
| ६ | १५ | ३३२५८१५ | प्रथम र दोस्रो | १५३३२७८ |
| ८ | १५ | ३३२५८१५ | प्रथम | ७४३८९७ |
| | | | | ३६५०७२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | ७८९ | २०७८-३-२४ | **धनुषकोटी मार्ग कालोपत्रे**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने र श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले कालोपत्रे निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएको पाइयो । कार्यालयले निर्माण सम्बन्धि कार्य गारई भुक्तानी गर्दा सम्झौताको सर्त र कामको स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेसन अनुसार प्रयोग हुने सामग्री खपतको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले धनुषकोटी मार्ग कालोपत्रे निर्माण उ.स. लाई धनुषकोटी मार्ग निर्माण गर्दा कालोपत्रे गर्ने आइटम स्वीकृत रहेको छ । उक्त काम गराउदा भौतिक पुर्वाधार मन्त्रालयबाट स्वीकृत सडक सम्बन्धि नर्मस अनुसार कालोपत्रे सम्बन्धि काम गराउदा ट्याक कोटको परिमाण प्रति वर्ग मि. ०.६० लिटरका दरले खपत हुनेगरी स्वीकृत भएकोमा कार्यालयले उक्त आइटमको ३५४१.२० वर्ग मिटर क्षेत्रफलमा ०.८ लिटर को रु १५९.०५ का दरले भुक्तानी गर्दा खपतको ट्रे टेष्ट रिपोर्ट बेगर प्रति वर्ग मिटर ०.८ लिटरका दरले रु. २००५६६/- बढी भुक्तानी असुल गर्नुपर्ने रु.. | २००,५६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | ८४० | २०७८-३-२४ | **कार्यसम्पन्न प्रतिवेदन पेश नभएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले अमरपथ पूर्व सुरुङ्गा खोला जाने बाटो निर्माण कार्य गर्न रु. ५०७९४०१/- लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत गराउने गरी सम्झौता गरेको छ । पालिकाले यो वर्षमा भएको उक्त निर्माण कार्यको नापजाँच गरी प्रथम रनिङ्ग विल बाट रु. ९३०३५०/- र दोस्रो रनिङ्ग विल बाट रु. ११६२७२१/- समितिलाई भुक्तानी गरेको छ । पालिकाले सम्झौता बमोजिम निर्माण गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यसम्म पनी कार्य सम्पन्न पेश नभएको रु. | २,०९३,०७१ |
| ७२ | | | **उपभोक्ता समिति मार्फतको लगानी** | |
| ७२.१ | | | **उपभोक्ताको काम निर्माण व्यवसायीबाटः** कार्यालयले हिमाली मार्ग लक्ष्मी पुर चौक कालोपत्रे कार्य गर्न उपभोक्ता समितिसँग रु.११०५४६२/- को लागत अनुमान स्वीकृत गरी सो मध्ये उपभोक्ता समितिको रु.११३९००/- सहभागिता रहेको छ । उक्त काम गरी उपभोक्ता समितिले पेश गरेको विल विजकमा झापाली इन्टरनेशनल इन्जिनियरिङ एण्ड विल्डर्स प्रा.लि.बाट प्रिमिक्स कार्पेन्टिङ खरिद को रु.४५११९५४.८० (मू.अ.कर समेत) को विल र मष्टरोल रु.१८९६००/- समेत पेश गरेको आधारमा नगरपालिका तर्फको पुरै रकम भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिले पाएको काम निर्माण व्यवसायीबाट गराई भुक्तानी गरेकोमा कामको गुणस्तर परीक्षण नगराएको, निर्माण व्यवसायीलाई कामको जिम्मा दिई खर्च गरेको अनियमित रु.४५११९५४/-<br><br>**पार्कमा लगानीः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४(३)(क) मा स्थानीय तहले संचालन गर्ने योजना तथा कार्यक्रमहरु गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, नागरिकहरुको जिवनस्तर उकास्न र प्रत्यक्ष लाभ पाउने हुनुपर्ने गरी तोकिएको छ । कार्यालयले साविक देखि नै विभिन्न निकाय, डिभिजन वन कार्यालय तथा प्रदेश सरकारबाट अनुदान प्राप्त गरी सामुदायिक वन (जामुखाडी सिमसार) मा वन्यजन्तु लगायतको चिडियाखाना र अन्य कृयाकलाप संचालन गरी आफुले आय आर्जन तथा खर्च गर्ने गरेको वन उपभोक्ता समितिमा यो वर्ष बम्पर कार खरिद कार्यको लागि रु.२० लाख विनियोजन गरी रु.१९१००००/- खर्च गरेको पाइयो । समितिले खेलौना बम्पर कार संचालन गर्ने गरी वन कार्य योजना स्वीकृत भएको पाइएन । सामुदायिक वन क्षेत्रभित्रको पार्कमा वम्पर कार थप गर्नुअघि संचालन सम्बन्धी पालिका र उपभोक्ता समिति विच सम्झौता भएको समेत पाइएन । उक्त पार्कको स्थलगत निरीक्षण गर्दा वन उपभोक्ता समितिले पार्कमा प्रवेश गर्न शुल्क लिने गरेको र खेलौना कारको प्रयोग गर्न थप दस्तुर समेत बुझाउनुपर्ने अवस्था देखियो । वन कार्य योजनामा नरहेको क्रियाकलापमा लगानी गरेको अनियमित रु.१९१००००/- | २,३६१,९५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२.२ | | | **प्रतिस्पर्धा र परीक्षण वेगरको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ ले खरिद कार्य गर्दा मितव्ययी र प्रतिस्पर्धाबाट गर्नुपर्ने व्यवस्था गरी नियम १२ मा मालसामान खरिद गर्दा सो सामानको स्पेसिफिकेशन समेत स्वीकृत गरी स्पेसिफिकेशनको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले चप्रामारी, लालपानी र तुलसीवारी खानेपानी योजनामा ट्रिटमेन्ट प्लान्ट जडान तथा शुद्ध खानेपानी नपुगेका विद्यालयहरुमा खानेपानी पुर्‍याउने कार्यक्रम संचालन गर्न नगरपालिकाको रु.१६५००००/- र उ.स.ले रु.२३३८९९/- हुने गरी प्रत्येक खानेपानी योजनाको लागि रु.१८३३८९९/- का दरले छुट्टा छुट्टै लागत अनुमान स्वीकृत गरी ३ वटै उपभोक्ता समिति मार्फत कार्य गराई रु. ४९५००००/- खर्च गरेको पाइयो । उपभोक्ता समितिहरुले ट्रिटमेन्ट प्लान्ट स्थापना गर्न एउटै कम्पनी (ग्लोबल वाटर ट्रिटमेन्ट प्रा.लि.)सँग सम्झौता गरी कार्य गराएको देखियो । उपभोक्ता समितिहरुले कम्पनीसँग गरेको सम्झौतामा ट्रिटमेन्ट प्लान्ट जडान भएपछि सप्लायर्सले WHO बाट तोकिएको शुद्ध खानेपानीको मापदण्ड अनुसार शुद्धिकरण पछिको पानीमा हुनुपर्ने मापदण्ड सहितको सम्झौता नगरेका र ट्रिटमेन्ट प्लान्ट जडान गरी सकेपछि प्राप्त भएको पानीको नमूना परीक्षण गराई ल्याव परीक्षण रिपोर्ट समेत लिएको पाइएन । नगरपालिकामा खानेपानी सम्बन्धी विज्ञ नरहेको अवस्थामा जिल्ला स्थित विषयगत शाखाबाट ट्रिटमेन्ट प्लान्ट सम्बन्धीको स्पेसिफिकेशन सहितको पानी शुद्धिकरण प्रकृया र WHO मापदण्ड सम्बन्धमा निक्यौल नगरी उपभोक्ता समिति मार्फत कार्य गराउने सम्झौता गरी सबै उपभोक्ता समितिले एकै सप्लायर्सबाट कार्य गराई कामको भुक्तानी नगरपालिकाबाटै गरेको देखियो । विद्यालयहरुमा समेत शुद्ध खानेपानी पुर्‍याउने गरी कार्यक्रम स्वीकृत भएतापनि विद्यालयहरुमा फिल्टरपानी जडान सम्बन्धीको कार्य भएको देखिएन । खरिद सम्बन्धी प्रतिस्पर्धा नभएको, ट्रिटमेन्ट प्लान्ट जडान पछिको पानीको गुणस्तर तोकिएको मापदण्ड भित्र नरहेको परीक्षणको काम स्वीकृत ल्यावबाट नगराएकोले पुनः पालिकाबाटै जिल्ला स्थित विषयगत कार्यालयबाट यस सम्बन्धमा परीक्षणको व्यवस्था गराई खानेपानीको गुणस्तर WHO स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार भए नभएको यकिन गरी सोको प्रमाण पेश हुनपर्दछ रु.४९५००००/-<br><br>**कामको अवस्थाः** वित्तीय हस्तान्तरणबाट प्राप्त रकमबाट निर्माण कार्य गराई खर्च गर्दा तोकिए बमोजिमको आधारमा कार्य गराई मात्र गर्नुपर्ने व्यवस्था छ । वडा नं.५ मा निर्माण गरिने आधारभुत स्वास्थ्य केन्द्र भवन नेपाल सरकारबाट वित्तीय हस्तान्तरणबाट कार्य भै रहेकोमा उक्त भवन निर्माण गर्दा ठेक्कापट्टाबाट गराउनुपर्ने गरी तोकिएकोमा पालिकाले उपभोक्ता समितिबाट कार्य गराई खर्च गरेको पाइयो । भवन निर्माणको रु.४०८२५११/- को लागत अनुमान स्वीकृत गरी रु.३८८६९२०/- मा कार्य गर्ने गरी २०७६।७७ मा उपभोक्ता समितिसँग सम्झौता गरेको छ । सो भवन निर्माण कार्य गतवर्ष पुरा नभई २०७७।७८ मा योजनालाई क्रमागतमा समावेश गरी २०७७।१२।३० सम्म कार्यसम्पन्न गर्ने गरी चालु राखेकोमा यो वर्ष नगरपालिकाको रु.२२६९५७२/- र उपभोक्ता समितिको योग्दान रु.१९०८९३/- गरी संचालन गरिएकोमा प्रथम रनिङ विल वापत २०७७।१०।१३ मा रु.१३६०४२२/- थप भुक्तानी भै सकेकोमा यो वर्षसम्म भवन निर्माण कार्य पुरा नभएकोले तोकिए बमोजिम ठेक्कापट्टा कार्य नगराएको र हालसम्म केन्द्र भवन समेत निर्माण सम्पन्न नभई अधुरो अवस्थामा रहेकोले उक्त भवन निर्माण कार्यमा भएको खर्च सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ रु.१३६०४२२/- | ६,३१०,४२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२.३ | | | **भुक्तानीको आधारः** उपभोक्ता समिति मार्फत गराइएको कामको विल भुक्तानी गर्दा तोकिएको परिमाण भन्दा बढीको रकम भुक्तानी गर्नु अगावै थप कामको स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भालुखोला पुलको लागत अनुमानमा २० एम.एम. डण्डीको परिमाण १५८७.१४ केजी राखी सम्झौता भएकोमा सो कामको भेरिएसन स्वीकृती वेगर उपभोक्ता सतिमिबाट कार्य गराई १७१५.८३ केजीको रकम भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिले पेश गरेको मालसामान खरिद विजकमा सो साइजको डण्डी १३१६ केजी मात्र खरिद गरेको विजक समावेश गरेकोले खरिद परिमाण भन्दा बढी परिमाणमा डण्डी खपत देखाई भुक्तानी गरेको रु.४३७५८।३२ असुल हुनुपर्दछ । साथै कार्यालयले सम्झौता बमोजिम लागत सहभागिताको अंक कट्टा नगरी भुक्तानी दिएकोले सम्झौता भन्दा बढी भुक्तानी भएको रु.१००५६५/- समेतको रकम असुल हुनुपर्ने रु.१४४३२३/-<br>**कामको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले पाएको काम आफैले गर्नुपर्ने ठेक्कापट्टा वा सबकन्ट्राक्टरबाट गराउन नपाउने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराः<br>• कार्यालयले स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रमबाट वडा नं. ८ र ९ सिमसार रमणीय पार्क जाने बाटो कालोपत्रे कार्य उपभोक्ता समितिबाट गराउने रु.२००००००/- भुक्तानी गरेकोमा उपभोक्ता समितिले विटुमिन खरिद गरेको विजक पेश नभएको समितिले पेश गरेको विजकमा झापाली इन्टरनेशनल विल्डर्सबाट प्रिमिक्स खरिदको रु.६६००२२/- विल तथा रोलर भाडा तथा कार्यको समेत रु.८०३४४३/- को मात्र विल समावेश गरेकोमा फाइनल विलमा रु.१११०४२४/- कालोपत्रे तर्फको काममा नापजाँच गरी विल तयार गरेकोले बढी देखिएको रु.३०६९८३/- को खर्चको प्रमाण पेश हुनुपर्ने अन्यथा निर्माण व्यवसायीबाट सोझै प्रिमिक्स खरिद देखाई भुक्तानी दिएको रकम पुन यकिन गरी असुल हुनुपर्दछ रु.३०६९८३/- | ४५१,३०६ |
| ७२.४ | | | **अनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली २०६४ को नयम ९७ मा उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी गर्दा सम्झौतामा तोकिएको दरबाट उपभोक्ताको अंक समेत कट्टा गरेर मात्र भुक्तानि गर्नुपर्ने व्यवस्था छ । कार्यालय र घैलाडुब्बा बजार दक्षिण तर्फ अधुरो निर्माण बाटोमा कालोपत्रे कामको योजना सम्झौता अनुसार रु.२१००३७३/- मध्ये उपभोक्ता समितिबाट रु.४००३७३/- व्यहोर्ने सम्झौता भएकोमा यो वर्ष प्राप्त रनिङ विलको रु.१००००००/- भुक्तानी गर्दा सहभागिता रकम कट्टा नगरी भुक्तानी गरेकोले छुट रकम रु.११२८१८/- कट्टा गरी बाँकी कामको भुक्तानी गरेको प्रमाण पेश हुनुपर्ने रु. | ११२,८१८ |
| ७३ | | | **आन्तरिक आय ठेक्का** | |
| ७३.१ | | | **कन्काई नदीको ढुंगा, गिटी, बालुवा विक्रि आयः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रिभको प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिटी, बालुवा विक्रि गर्न सक्ने व्यवस्था छ । नेपाल सरकार मन्त्रीपरिषदबाट जारी ढुंगा, गिटी, बालुवा उत्खनन् विक्रि व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ७ मा उत्खननको परिमाण नियन्त्रण सम्बन्धी व्यवस्था छ । पालिकाले कन्काई नदी (माइखोला) बाट नदीजन्य पदार्थ विक्रि तथा सडक सुधार शुल्क समेतको असुल गर्ने कार्य ठेक्कापट्टा वा अमानत नखुलेकोमा लेखापरीक्षणमा प्राप्त विवरण अनुसार आय रु.४६८०००/- आम्दानी देखाई उक्त रकम नगदी रसिद नं. १ देखी १००० सम्मबाट ढुंगा, गिटी, बालुवा वापतको रु.४२००००/- र सडक सुधार दस्तुर वापत रु.१०००००/- समेत रु.५२००००/- मध्ये १० प्रतिशत छुट दिई रु.४६८०००/- मात्र २०७७।१०।२७ मा आम्दानी देखाएको पाइयो ।<br>उक्त नदीबाट उत्खनन् र विक्रि गर्न मिल्ने IEE परिमाण स्वीकृत गरेको प्रमाण पेश नभएको र संकलन र विक्रि अवधि नखुलेको तथा सो कार्यको लागि छपाई गरिएका रसिद, प्रयोग गरिएका र बाँकी रसिदको विवरण समेत पेश नभएको पालिकाको वडा नं. ४ बाट मात्र रकम संकलन गरेको र १० प्रतिशत छुट देखाई बाँकी रकम मात्र राजस्व दाखिला देखाएकोले उक्त नदीबाट उत्खनन् र विक्रिको परिमाण तथा रकम यकिन गर्न सकिएन । नगदी रसिद सि.नं. १ देखि १००० सम्म मात्र उल्लेख गरी दाखिला मिति २०७७।१०।२७ उल्लेख गरेको पाइयो । नगदी रसिदमा न्यनतम र अधिकतम दर समेत नखुलेमा प्रयोग गरिएका रसिदमा तोकिएको अधिकतम दर नखुलाई सि.नं. मात्र उल्लेख गरेको छ । उल्लेखित अवस्थाले नदीबाट अन्य वडाहरुले अमानतबाट विक्रि र सडक दस्तुर संकलन गरे नगरेको सम्बन्धमा पालिकाबाटै विक्रि परिमाण समेतको छानविन र यकिन गर्नुपर्दछ र १० प्रतिशत घटि दाखिला रकम समेत यकिन गरी असुल गर्नुपर्दछ रु. | ५२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.२ | | | **विरिङ खोला ठेक्काः** नेपाल सरकार मन्त्रीपरिषदले ढुंगा गिटी बालुवा उत्खनन् विक्रि व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ स्वीकृत गरी लागु गरेको छ । उक्त मापदण्डमा ठेक्काबाट नदीजन्य पदार्थको उत्खनन् र विक्रि गर्दा स्वीकृत IEE को आधारमा तोकिएको परिमाण र नाकाबाट कार्यालयबाट खटिएको प्राविधिकले लाइन लेभल दिई तोकिए बमोजिम संकलन गरी विक्रि गर्न सक्ने व्यवस्था छ । पालिकाको २०७७।४।२४ को निर्णय बमोजिम विरिङ खोलाबाट नदीजन्य पदार्थको विक्रि गर्न ६ स्थान (नाका) तोकि ढुंगा गिटी, भरौट, बालुवा समेत ८१००० घ.मी. अनुमान गरी सोको न्यूनतम विक्रि मूल्य रु.१५२२७४५३/- र नदी जन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट सडक सुधारको लागि रु.३२४२०००/- कायम गरी २०७७।४।२८ मा वोलपत्र आह्वान भएको पाइयो ।<br>**ठेक्का व्यवस्थापनः** विरिङ खोलाको नदीजन्य पदार्थ संकलन र विक्रि गर्न ई विडिङ मार्फत बोलपत्र आह्वान गर्दा ४ निर्माण व्यवसायीले भाग लिएको मध्ये प्रगतिशिल निर्माण सेवाको रु.२५२१७०८१.१३ को प्रस्ताव छनौट गरी सो मध्ये कवुल अंकको १० प्रतिशतले छुट उल्लेख गरी रु.२२३१५८१/- छुट दिई २०७७।६।३० मा सम्झौता गरेको पाइयो । कन्काई नगरपालिकाबाट २०७५।५।७ मा स्वीकृत गरी २०७६।१२।२८ देखि राजपत्रमा प्रकाशित आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि २०७५ मा ठेक्का रकम किस्ता बुझाउने तरिका सम्बन्धी दफा ६(२) बमोजिम ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ठ बुझाएको औचित्यहेरी १० प्रतिशत सम्म कार्यपालिकाबाट निर्णय गराई छुट दिन सकिने व्यवस्था रहेकोमा यो ठेक्काका व्यवसायीलाई २०७७।६।१६ च.नं. ४१२ बाट अस्थायी इजाजत दिई खोलाबाट संकलन कार्य शुरु गरेकवमा सम्मानीत उच्च अदालत विराटनगरको आदेश भएको उल्लेख गरी विरिङ खोलाको उत्खनन् कार्य रोक्का कार्यालयले निर्माण व्यवसायी प्रगतिशिल निर्माण सेवालाई २०७७।६।२५ मा पत्राचार गरेको पाइयो ।<br>एकमुष्ट रकम बुझाएमा मात्र औचित्यहेरी छुट दिन सकिने कार्यविधि व्यवस्था रहेकोमा पहिले अस्थायी संकलन इजाजत दिएको र परेपछि पालिकाले नै व्यवसायीलाई पट्टाबाट काम नगर्ने आदेश दिएको छ । लेखापरीक्षणको क्रममा छनट भएका व्यवसायीले २०७७।६।८ देखी रकम जम्मा गर्न शुरु २०७७।६।३० मा मात्र पटक पटक गरी रकम बुझाएको देखिएकोले कार्यविधिको व्यवस्था पालना गरी छुट दिएको मान्ने आधार देखिएन ।<br>**रसिद नियन्त्रणः** खोलाजन्य पदार्थ उत्खनन् र विक्रि तथा सडक पूर्वाधार उपभोक्ता शुल्क असुल गर्न छनौट भएका निर्माण व्यवसायीहरुको सम्झौताको शर्तमा आय संकलन गर्दा करदातालाई दिई रसिद नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने, नगरपालिका प्रमाणित गरेको बाहेकमा रसिद प्रयोग गर्न नपाइने र अनाधिकृत रसिद प्रयोग गरिएमा कारवाही गरिने शर्त रहको भएतापनि ठेकेदारले रसिद नं. हेली संख्या दररेट उल्लेखित गरेको रसिद पेश गरी नगरपालिकाबाट प्रमाणित गरेको अभिलेख विवरण लेखापरीक्षणमा पेश नभएकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन । सम्झौताको सबै शर्त पालना गराएर मात्र रकम संकलन गर्नपर्दछ ।<br>**अनुगमनः** अनुगमन प्रतिवेदनः ढुंगा, गीटि, वालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ मा अनुगमन सम्बन्धी व्यवस्था रहेको छ । उक्त दफामा नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् संकलन र विक्रि सम्बन्धी प्रकृयाको अनुगमन गर्ने दफा ९(७) मा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ढुंगा, गीटि, वालुवाको उत्खनन् कार्य मापदण्ड र वातावरीणय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्नुपर्ने र कार्यदलले अनुसूची-५ बमोजिम चेक लिष्ट बनाई नियमित अनुगमन गर्नुपर्नेमा पालिकाले निर्माण व्यवसायीलाई उत्खनन् गर्ने क्षेत्रमा लाइन लेभल तोकी इजाजत दिनु अगावै अस्थायी संकलन इजाजत दिने, संकलन तोकिएमा सबै नाफाहरुको लाइन लेभल र उत्खनन् परिमाणको नियमित अवधिखुलाई अभिलेख नराख्ने, बढी लेभलमा उत्खनन् गरेकोमा सचेत गराई रोक्का नगर्ने, मेशिनबाट गरिएको उत्खनन् अवधि र परिमाणको अभिलेख नलिएको, सम्झौता बमोजिम रसिद छपाई गरी प्रमाणित नगराएको (रेकर्ड नरहेको) घाटगट्टी स्थान खुलाई विवरण नलिएको, कुल उत्खनन् परिमाणको १५/१५ दिनमा जानकारी लिई अभिलेख नगरेको समेको अवस्था देखिएको छ ।<br>अमानतमा संकलन गरिएको अवधिमा समेत मापदण्ड बमोजिम संकलन गरिने नाका, अवधि परिमाण समेत खुलाई अभिलेख नै नराखेको अवस्था देखिएको छ । यो वर्ष कन्काई खोलामा वर्ष भरिनै विरिङ खोलामा २०७७।६।८ बाट ठेक्कापट्टाबाट संकलन गरेकोमा उत्खनन् गरिएको परिमाण, नाका खुलाई विक्रि परिमाणको अभिलेख नरहेकोले सम्झौता परिमाण मात्र उत्खनन् र संकलन गरेको मान्ने आधार देखिएन । मापदण्डमा तोकिएका सबै आधार पुरा गरेर मात्र संकलन र उत्खनन् विक्रिको इजाजत दिनुपर्दछ ।<br>लेखापरीक्षणमा प्राप्त विवरण अनुसार लागत अनुमान तयार गर्दा ८१००० घ.मी.को आधार देखाएकोमा पालिकाका इन्जिनियरलवे २०७८।२।३० मा विरिङ खोलाका ६ नाकाबाट ७९५०० घ.मी. मात्र उत्खनन् देखाएकोमा २०७८।३।१ मा १००८०० घ.मी. उत्खनन् र विक्रि देखाएकोले फरक देखिएको परिमाण १९१०० घ.मी.को सम्बन्धमा पुन यकिन गर्नुपर्ने र कवुल गरेको दरबाट हुने रु.५९४०१००/- असुल सम्बन्धमा छानविन हुनुपर्ने रु. ५९४०१००/- | ५,९४०,१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.३ | | | **मू.अ.कर दाखिलाः** सुरुङ्गा बजार ठेक्का संचालन गर्ने व्यवसायीले बुझाएको एकमुष्ठ रकमबाट कार्यालयले २०७८।५।११ मा मात्र मू.अ.कर वापतको रु.२४१९३८/- सम्बन्धित राजस्व खातामा जम्मा गरेकोमा कवुल अंक बमोजिम लाग्ने मू.अ.कर रु.३१५४२/- घटी दाखिला देखिएकोले सो रकम समेत दाखिला हुनुपर्ने रु.३१५४२/-<br>**घटी असुलीः** आय ठेक्का कवुल कर्ताले सम्झौतामा कवुल गरेको रकम तोकिए बमोजिम दाखिला गरेपछि मात्र पट्टा उपलब्ध गराउनु पर्नेमा कार्यालयले दुर्गा पुर बजार ठेक्कामा व्यवसायी न्यू पाथिभरा फर्निचरलाई २०७७।६।२३ मा इजाजत दिएकोमा सो फर्मले २०७७।६।३० सम्म रकम बुझाउन म्याद दिएको छ । व्यवसायीले २०७७।७।२ सम्ममा रकम जम्मा गरेकोमा घटी असुली भएको रु.२००००/- यकिन गरी असुल हुनुपर्दछ रु.२००००/- | ५१,५४२ |
| ७३.४ | | | **मू.अ.कर घटी असुलीः** आय ठेक्कामा कवुलकर्ताले कवुल रकमको १३ प्रतिशतले मू.अ.कर समेत दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सडक सुधार शुल्क वापत रु.६९०७७०.१३ कवुल गर्ने गैंडे निर्माण सेवालाई एकमुष्ट रकम दाखिला गरेको आधारमा १० प्रतिशतले हुने रु.६९०५६७/- छुट गरेकोले मू.अ.कर सहितको रकममा छुट दिएकोले नपाउने छुट वापतको रु.७९४६७/- असुल हुनुपर्दछ रु. | ७९,४६७ |
| ७३.५ | | | **ठेक्का प्रतिस्पर्धाः** कन्काई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ मा आय ठेक्का संचालन गर्दा प्रतिस्पर्धाबाट बढी कवुल गर्ने कवुल कर्तालाई छनौट गर्नुपर्ने व्यवस्था छ । घैलाडुब्बा बजार ठेक्का संचालन गर्न आह्वान भै प्रतिस्पर्धामा भाग लिएका ४ व्यवसायी मध्ये गैंडे निर्माण सेवाको कवुल अंक बढी रहेको आधारमा छनौट गरिएकोमा निजले बझाउनुपर्ने रकम ३ ठेक्कामा भाग लिने अन्य ३ व्यवसायीहरुले राखेको धरौटीबाट मिलान गरिदिने निवेदनको आधारमा कार्यालयले जम्मा देखाएको पाइयो । ठेक्कामा भाग लिई छनौट नभएको फर्मको धरौटी रकम सम्बन्धित फर्मलाई फिर्ता नगरी निवेदनको आधारमा ठेक्का पाउनेले बुझाउनुपर्ने रकमको मिलान गरेकोमा संचय स्टोर दमकले भाग लिंदा धरौटीमा जम्मा गरेको उल्लेख गरी रु.२०००००/- गैंडे निर्माण सेवाले बुझाउनुपर्ने रकममा मिलान गरेकोमा संचय स्टोरले सो ठेक्कामा भाग लिन धरौटीमा जम्मा गरेको प्रमाण पेश नभएको रु. | २००,००० |
| ७३.६ | | | **कर समायोजनः** मूल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली २०५३ बमोजिम मू.अ.करमा दर्ता भएको विक्रेताले अघिल्लो महिनाको करको रकम सहित पछिल्लो महिनाको २५ गते भित्र दाखिला गरी कर समायोजन गर्नुपर्ने व्यवस्था छ । सुरुङ्गा बजार ठेक्काका व्यवसायीले २०७७।७८ को अवधिमा ठेक्कामा बुझाउनुपर्ने मू.अ.कर रकम कार्यालयले २०७८।७९ को (२०७८।५।११) को अवधिमा व्यवसायीको जम्मा गरेकोले उक्त रकमको समायोजन प्रमाण पेश हुनपर्ने रु. | २४१,९५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | ४८५ | २०७८-२-२३ | **अक्सिजन सिलिन्डर सहयोग**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्च सँग सम्बन्धित विल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाको वडा नं. ६ मिति २०७८।२।१० को वडा समितिको बैठकको निर्णय अनुसार एक थान अक्सिजन सिलिन्डर खरिद गर्न देहायबमोजिम वडाका पदाधिकारीहरु तथा कर्मचारीको सेवा सुविधा तथा पारिश्रमिकबाट कट्टा गरी खरिद गर्ने निर्णय रहेको छ । पालिकाले सो निर्णय अनुसार सेवा सुविधा तथा पारिश्रमिक रकमबाट कट्टा नगरी सोझै बजेट शिर्षकबाट रु. २१०००/- बराबरको एक थान अक्सिजन सिलिन्डर खरिद गरी खर्च गरेको पाइयो । पालिकाले निर्णय बमोजिम सेवा सुविधा रकमबाट कट्टी गरी खर्च लेख्नुपर्नेमा बजेट शिर्षकबाट खर्च लेखेको रकम पालिकालाई थप व्ययभार पर्न गएको रु. | २१,००० |

| सि नं. | पद | नाम थर | सहयोग रकम |
|---|---|---|---|
| १ | वडाअध्यक्ष | लक्ष्मी प्रसाद ओली | ५००० |
| २ | वडा सदस्य | तारा प्रसाद फुयल | ३००० |
| ३ | वडा सदस्य | अर्जुन कुमार राजवंशी | ३००० |
| ४ | वडा सदस्य | शारदा घिमिरे | ३००० |
| ५ | वडा सदस्य | गोमा देवी दर्जी | ३००० |
| ६ | वडा सचिव | रन्जना मिश्र | २००० |
| ७ | सहयोगी | फणिन्द्र गिरी | २००० |
| | | जम्मा | २१००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **खर्च शिर्षक**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसार खर्च गर्दा फरक खर्च शिर्षकबाट खर्च लेखेको पाइयो । सभाद्वारा तोकिएको शिर्षक भन्दा फरक शिर्षकमा खर्च लेखेको रकम नियमसम्मत नभएको रु. | १,०१७,८६३ |

| भौ नं. र मिति | खर्चको विवरण | खर्च लेखेको शिर्षक | खर्च रकम |
|---|---|---|---|
| ५०३-०७८।३।१ | कार्यालाय सामान तथा विविध | पुस्तक सामग्री खरिद | १०२३२० |
| ५०९-०७८।३।१ | सञ्चार सामग्री खरिद | पुस्तक सामग्री खरिद | ५९८०० |
| ५५२-०७८।३।२० | विविध तथा सवारी भाडा | सेवा र परामर्श खर्च | ६५२१८ |
| ५५३-०७८।३।२० | मेशिनरी औजार मर्मत | सेवा र परामर्श खर्च | ४४८०० |
| ५५४-०७८।३।२० | खाजा खाना खर्च | सेवा र परामर्श खर्च | ५६३२० |
| ५६६-०७८।३।२१ | विज्ञापन प्रकाशन | सेवा र परामर्श खर्च | २०००० |
| ५६७-०७८।३।२१ | कार्यालय सञ्चालन | सेवा र परामर्श खर्च | २०२३५ |
| ५८१-०७८।३।२३ | वडा सञ्चालन खर्च | फोहोर मैला सवारी इन्धन | १००००० |
| ५८९-०७८।३।२३ | कार्यालय सञ्चालन | इन्धन | २७००० |
| ६२८-०७८।३।२४ | खाना खाजा खर्च | योगदानमा आधारित बिमा | ७०००० |
| ६३७-०७८।३।२५ | घर भाडा | पारीश्रमिक कर्मचारी | ६३००० |
| ६३९-०७८।३।२६ | स्टेश्नरी खरिद | पारीश्रमिक कर्मचारी | ९०७६१ |
| ६५५-०७८।३।२९ | सुचना प्रकाशन | पदाधिकारी कर्मचारी क्षमता विकास तालिम | ४८४०९ |
| ६६३-०७८।३।३० | भ्रमण खर्च | पारीश्रमिक कर्मचारी | २५०००० |
| | जम्मा | | १०१७८६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **अनुदान निकासा**<br>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद को च नं. ६४१ मिति २०७६।६।२८ को पत्र अनुसार स्थानीय तहको पूर्ण लगानीमा सञ्चालन तथा व्यवस्थापन हुने गरी श्री कन्काई पोलिटेक्निक इन्स्टिच्यटको नाममा कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरेको पाइयो । पालिकाले यस वर्ष श्री कन्काई पोलिटेक्निक इन्स्टिच्युटलाई रु. २००००००/- बजेट विनियोजन गरी अनुदान प्रदान गरेकोमा स्थानीय तहले उक्त अनुदानको सुनिश्चितता हुने गरी कार्य सञ्चालन भएको अनुगमन भए गरेको पाइएन । साथै पालिकाले उक्त इन्स्टिच्युटको व्यवस्थापन गर्न कुनै मापदण्ड समेत तयार गरेको पाइएन । | |
| ७७ | | | **कार्यक्रम संचालन स्थिति** | |
| ७७.१ | | | **धान विउ खरिद कार्यक्रमः** वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्र संचालन गरी रकम खर्च गर्दा स्वीकृत कार्यक्रम कार्यान्वयन निर्देशिकाको आधारमा गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहले संचालन गरिने कार्यक्रमहरु स्वीकृत योजना र बजेटको परिस्थिति भित्र रही संचालन गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आ.ब. २०७७।७८ को वार्षिक कार्यक्रम योजनामा उन्नत धान विउ विरतण कार्यक्रम स्वीकृत भएको पाइएन । संघीय शर्शत कार्यक्रमबाट प्राप्त उन्नत धान विउमा कृषकलाई अनुदान कार्यक्रमको रकमबाट २०७८।३।४ मा रु.६८९०००/- खर्च गरेकोमा कार्यालयले न.पा. चालु कार्यक्रमबाट रु.८९३३८५/- र नगर स्तरीय कार्यक्रमबाट रु.१७८६७७०/- समेत उन्नत धान विउ खरिद सम्बन्धी कार्यक्रममा खर्च गरेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराः<br>• कार्यालयले रंजित, वि.वि. र सर्ना जातको धानको विउ खरिद गर्न क्रमशः १८०००, ९००० र २१३३ केजीको लागत अनुमान रु.१९३१०००/- स्वीकृत गरेको छ ।<br>• विउ खरिद कार्य १५ दिन भित्र गर्ने गरी २०७८।१।७ मा सिलबन्दी दरभाउ पत्र माग गरेको,<br>• २०७८।१।२२ प्रस्ताव मूल्याङ्कन गर्दा दरभाउपत्रमा भाग लिएका ३ वटा प्रस्ताव मध्ये २ वटा प्रस्ताव दाताको तोकिएको धरौटी नभएको उल्लेख गरी १ मात्र प्रस्ताव छनौट भएको,<br>• खरिद सम्बन्धी सूचनामा धान विउको ल्याव परीक्षणको व्यवस्था उल्लेख नभएको,<br>• छनौट गरिएको १ मात्र प्रस्ताव दाताले पेश गरेको विउ नमूना परीक्षण रिपोर्टमा (विउ विजन प्रयोगशाला झुम्का) वि.वि. जातको धानको विउलाई न्यूनतम स्तरमा ल्याउनको लागि विस्थान बढी भएकोले अझ सुकाउनुपर्ने उल्लेख भएको,<br>• प्रस्तावदाता किसान विउ उत्पादन उद्योगले ल्यावमा परीक्षणको लागि पेश गरेको धानको विउ लट नै नखुलाएकोमा सोही विक्रेताको विउ छनौट गरेको,<br>• सप्लायर्सले सम्झौता अनुसार परिमाण कार्यालयमा बुझाई स्टोर दाखिला अभिलेख तयार नगरेको र धान उपलब्ध गराइएका कृषक नाम, बुझिलिएको भरपाई, अवधि खुलेको विवरण पेश नगरेको साथै १७ सहकारी संस्थाहरुबाट विउ वितरणको व्यवस्था गरेकोमा सहकारी संस्थाहरुले समेत उक्त विउ किसानहरुलाई वितरण गरेको अवधि खुलेको विवरण समावेश नभएकोले उन्नत धान विउ वितरण कार्यको लागि छनौट भएको प्रस्ताव दातालाई विउ वितरण अवधि (२०७८।१।३० देखि २०७८।३।३०) धानको विउ उमार्ने अवधि पछि सम्मको अवधि राखी गरिएको यो खर्च सम्बन्धमा पुन यकिन गरी भुक्तानी परिमाण बराबरको विउ सम्बन्धित सहकारीहरुले कृषकलाई धानविउ उमार्ने अवधि भित्रै निशुल्क वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.१७८६७७०/- | १,७८६,७७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७.२ | | | **स्पेसिफिकेशन र प्याड उत्पादन वितरणः** सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद कार्य स्वीकृत योजना कार्यक्रम अनुसार प्रतिस्पर्धात्मक रुपमा मितव्ययी ढंगबाट गर्नुपर्ने, मालसामान खरिद गर्दा स्पेसिफिकेशन तोकिएकोमा स्वीकृत स्पेसिफिकेशन अनुसारको मालसामान खरिद गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार मन्त्रीपरिषदले विद्यार्थीहरुलाई वितरण गरिने सेनिटरी प्याडको स्थानीय स्तरमा निर्माण गर्ने प्याडको स्पेसिफिकेशन स्वीकृत गरी लागु गरेको छ । कार्यालयले यो वर्ष स्थानीय स्तरमा सेनिटरी प्याड तयार गर्न सुति कपडा, ढाका कपडा, फलाटिन कपडा र अन्य सामाग्री खरिद गरेको र सिलाई ज्याला वापत रु.२ लाख समेत भुक्तानी गरेको पाइयो । खरिद गरिएका कपडाबाट ८००० प्याड तयार गरी २०७८।३।२२ मा स्टोर दाखिला गरेको छ । कोरोना संक्रमणको कारण लकडाउन भै २०७८।१।१३ देखि विद्यालयहरु यो वर्षको अन्तसम्म बन्द रहेको, लेखापरीक्षणमा ५००० प्याड वितरणको विवरण प्राप्त भएता पनि बाँकी प्याडहरुको वितरण खपत भएको पाइएन । प्रतिस्पर्धा वेगर विद्यालय बन्द रहेको अवस्थामा आवश्यकताको पहिचान नगरी खरिद गरेको र मालसामान खपत गरेको प्रमाण पेश हुनुपर्ने रु. | ४११,१७८ |
| ७७.३ | | | **कार्यक्रम संचालन र खर्च आधारः** वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा सम्बन्धित कार्यक्रम संचालन मार्गदर्शन तथा कार्यविधिको आधारमा मात्र गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका कार्यक्रम संचालन गर्ने परियोजना कार्यान्वयन म्यानुअल स्वीकृत गरी लागु भएको छ । परियोजना म्यानुअल ४.१.९.१२ मा पकेट संचालन समन्वय समितिको व्यवस्था गरी स्थानीय तहमा कार्यक्रम संचालन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी समन्वय समिति गठन गर्नुपर्ने र पकेट क्षेत्रमा कृषि सम्बन्धी कम्पनी फर्महरु अद्यावधिक गर्नुपर्ने, पकेट क्षेत्रमा भएका पूर्वाधार, प्रविधि अभिलेख तयार गर्नुपर्ने, २ आर्थिक वर्षको पकेट संचालन कार्ययोजना तयार गर्नुपर्ने लगायतको काम तोकिएको भएतापनि उपरोक्तानुसार तथ्याङ्क विवरण अभिलेख तयार गरेको पाइएन । यो वर्ष कार्यक्रम संचालनको प्राप्त रकम मध्येबाट भौ.नं.२३०।०७८।३।२२ मा समावेशी मकै पकेट कृषक समुहलाई रु.९२४३८२/- भुक्तानी गरेकोमा कार्यक्रम संचालन म्यानुअलको ३.३(ग) बमोजिम पकेटको प्रोफाइल तयार नभएको, कार्यक्रमको प्रगति परियोजना कार्यान्वयन इकाई र जिल्ला स्थित कृषि ज्ञानकेन्द्रमा प्रगति प्रतिवेदन पठाएको पाइएन ।<br>· कार्यालय र मकै पकेट संचालन गर्ने समुह विच भएको कार्यक्रम संचालन सम्झौता मकै विउ लगायत ट्रयाक्टर जडित सिडड्रिल खरिद, सिंचाई वोरिङ, स्प्रेटंकी, मकै गोड्ने मेशिन समेतको लागतमा सहभागिता कार्न बाँडफाँड गरी रु.१३८६९१०/- मा सम्झौता गरेकोमा यान्त्रिक उपकरणको कृषि इन्जिनियरिङ विभागले तोके बमोजिमको स्पेसिफिकेशन तयार गरी लागत अनुमान स्वीकृत वेगर नै रकम तोकेको र यन्त्र उपकरण खरिदको रकम भुक्तानी गर्नु अगावै सम्बन्धित संस्थाले मेशिनरी औजार प्रतिस्पर्धाबाट खरिद गरेको र छनौट भएको सप्लायर्सलाई संस्थाले व्यहोर्नुपर्ने रकम भुक्तानी गरेको प्रमाण समावेश नभएको र कार्यक्रम संचालन गर्नुअघि लागत व्यहोर्ने सुनिश्ता भएको रकम संस्थाको खातामा जम्मा गरेको समेत देखिएन । समुहले मेशिनरी खरिदमा व्यहोर्नुपर्ने रु.४७८५८१/- सम्बन्धित सप्लायर्सलाई भुक्तानी गरेको प्रमाण वेगर तथा स्पेसिफिकेशन स्वीकृत नगरी यान्त्रिक उपकरण खरिद गरेको र मकै विउमा कार्यालय र समुह विच लागत बाँडफाँड नगरी भुक्तानी गरेकोले समुहले उपकरण खरिदमा सहभागिता सुनिश्चित नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.४७८५८१/-<br>· शशर्त तर्फको कार्यक्रममा प्राप्त रकम खर्च गर्दा स्वीकृत कार्यक्रम अनुसार संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ४५०० केजी मकै विउ खरिद कार्य जीवन एग्रोभेटबाट गरी रु.४९५००/- भुक्तानी गरेको छ। खरिद गरिएको मकैको विउ वडाध्यक्षहरु तथा कृषि समितिका सदस्यलाई बुझाएको आधारमा विक्रेतालाई रकम भुक्तानी गरेको पाइयो । कार्यक्रम संचालन व्यवस्था अनुसार संघीय कार्यक्रम तर्फ ५० प्रतिशत प्रदेश तर्फ ७५ प्रतिशत र न.पा. को कार्यक्रममा मकै विउमा अनुदानको व्यवस्था नभएकोमा पालिकाको बजेटबाट समेत रु.८५०००/- थप गरी एकै पटक मकै विउ खरिद गरी खर्च गरेकोमा कृषकहरुले व्यहोर्नुपर्ने लागत सहभागिताको रकम जम्मा गरेर मकै विउ वडाबाट कृषकहरुले बुझेको भरपाई र सहभागिता रकम बैंक दाखिला भौचर पेश हुनुपर्ने रु.४९५०००/- | १,०२२,५९२ |
| ७७.४ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले आफ्नो आय-व्ययको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणको प्रतिवेदन २०७८।७।७ मा पेश भएको भएपापनि सो प्रतिवेदनमा औल्याएका व्यहोराहरु असुल फर्स्यौट र नियमित नभएको साथै आन्तरिक लेखापरीक्षणले समेत प्रतिवेदनमा कानूनी व्यवस्था तथा औल्याएको कैफियतले पार्ने प्रमाव तथा सुधार गर्नुपर्ने र नियमित र असुल गर्नुपर्ने व्यहोराहरु उल्लेख नगरी कारोवारको भौचर नं. र मितिका आधारमा सुधार गर्नुपर्ने प्रष्ट आधार नखुलाई टिपोटको रुपमा प्रतिवेदन गरेको पाइयो । प्रतिवेदनले विभिन्न १२ बुँदा सुझावहरु उल्लेख गरेकोमा ती क्षेत्रमा समेत कार्यालयले सुधार गरेको वार फर्स्यौट र नियमित गराएको देखिएन । देहायका व्यहोराहरु प्रतिवेदनमा समावेश गरिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयले सूचना प्रविधि (Website) मा कार्यपालिकाका निर्ण तथा आर्थिक प्रतिवेदनहरु अद्यावधिक गराई प्रकाशित गर्नुपर्नेमा सो अनुसार हुने नगरेको,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को सोझै खरिद सम्बन्धी व्यवस्था भन्दा फरक गरी रु.५ लाख भन्दा बढीको खरिद समेत सोझै खरिद प्रकृयाबाट हुने गरेको तथा खरिदको मूल्याङ्कन समिति प्राविधिक कर्मचारीको अध्यक्षतामा खडा नगरेकोले कानूनमा भएको व्यवस्थाको पालना गरी तोकिएको सीमा सम्मको खरिद मात्र सोझै खरिद प्रकृया पुरा गरेर मात्र गर्नुपर्दछ ।<br>• सवारी साधनहरुको इन्धन खपत खर्चको भुक्तानी गर्दा सवारी लगबुक अनिवार्य रुपमा तयार गरी खपतको आधारमा मात्र इन्धन खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।<br>• स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(७) कार्य पालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नहुने तथा दफा ७१ मा योजना तथा कार्यक्रम स्वीकृत गरी बजेट पारित गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले अबण्डा बजेट प्रस्ताव गर्ने र सभाबाट पारित भएपछि नगर प्रमुखको तोक आदेशबाट योजना छनौट गरी खर्च हुने गरेकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।<br>• पालिकाबाट छनौट गरिएका योजनाहरुमा योजना भएको रकम पर्याप्त नहुने तथा लागत अनुमान र डि.पि.आर. स्वीकृती वेगर योजना वार्षिक बजेटमा समावेश गर्दै खर्च गर्ने गरेकोले योजनाहरु अधुरो अवस्था रहेको सो को कारण लक्ष्य बमोजिमको सेवा सुविधा प्राप्त नभएको, निर्मित संरचनाको मर्मत संभारमा बजेट व्यवस्था नगर्दा साविक निर्माण भएका संरचनाको मर्मत संभार नभएको ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ बमोजिम आफ्नो जिम्मामा आएको सरकारी रकम सोही दिन वा सो को भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालय तथा केन्द्रमा संकलित रकम सोही दिन वा सो को भोलिप्ट बैंक दाखिला नगरी ढिला दाखिला गरेकोले ऐनको व्यवस्था बमोजिम थप जरिवाना लगाई दाखिला गर्ने व्यवस्था प्रभावकारी रुपमा लागु गर्नुपर्दछ ।<br>• उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी गर्नुअघि सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएका व्यवस्थाको पालना गरेर मात्र कार्य गराउनुपर्दछ ।<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नु अघि रित पुगे नगरेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भौ.नं. र मितिबाट कारोवार गरी खर्च गर्दा सो अनुसार नगरी खर्च गरेकोमा देखिएका व्यहोराहरुः | |

| भौ.नं.र मिति | खर्च रकम | कैफियत | खर्च शिर्षक |
|---|---|---|---|
| २९।०७७।६।१९ | २४०० | महेन्द्ररत्न स्टोर्सको विलको भुक्तानी डियूटी इन्टरप्राइजेजलाई दिएको | न.पा. चालु खर्च |
| ५०३।०७८।३।१ | ३००० | सम्बन्धितलाई रकम बुझाएको भरपाई पेश नभएको | न.पा. चालु खर्च |
| ५४१,५७२। ०७८।३।२४ | ३०००० | २ वटा भौचरबाट रु.३०००० भुक्तानी गरेकोमा रु.१५०००/- को प्रमाण समावेश नभएको | न.पा. चालु खर्च |
| ६३०।०७८।३। २४ | ४०३९७५ | विभिन्न स्टेशनरी र मालसामान खरिद गरेकोमा खरिद आदेश तथा भुक्तानी गर्ने निर्णय समेत समावेश नभएको | न.पा. चालु खर्च |
| ४१।०७७।८।२९ | ४२७९२ | गतवर्षको छुट उल्लेख गरी रु.४२७९२/- भुक्तानी गरेकोमा भुक्तानी बाँको विवरण पेश नभएको रकम छुट भएको प्रमाण संलग्न नभएको | हस्तान्तरित कार्यक्र चालु तर्फ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ७७।०७७।१०।२६ | १४३३५२ | फाँटवारीको जोड जम्मा र भुक्तानी रकम भन्दा बढी रु.२०५४३४/- को चेक जारी भएकोले बढी खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | ९२।०७७।११।२७ | ५४८१ | तलवबाट कट्टी उल्लेख गरी १० प्रतिशतले रकम कट्टी गरकोमा सम्बन्धित खातामा ज्मा भएको प्रमाण समावेश नभएको | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | ९४।२०७७।११।२७ | १४७१९ | | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | ९५।२०७७।११।२७ | ८१५०४ | अन्य कट्टी उल्लेख गरेकोमा सो रकम दाखिलाको प्रमाण समावेश नभएको | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | १०४।२०७७।१२।२२ | १९६००० | आर्थिक कारोवार गरी दायित्व श्रृजना गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगरेको | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | ११६।०७८।१।१९ | ४३७५२९ | खरिद कारवाही सम्बन्धीको निर्णय आदेश तथा अन्य विवरण समावेश नभएको | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | १५४।०७७।६।८ | ८२७७३ | गत वर्षको छुट रकम उल्लेख भएकोमा भुक्तानी दिन बाँकीको विवरण र प्रमाण समावेश नभएको | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | १७१।०७८।३।६ | ३१७१४० | स्वीकृत खर्च शिर्षक भन्दा फरक शिर्षकमा रकम खर्च जनाउकोले नियमित नभएको | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | २०५।०७८।३।३० | १९८६३ | अग्रिमकर वापतको रकम नागरिक लगानी कोषमा जम्मा गरेकोले अग्रिमकर खातामा रकम जम्मा गरेको प्रमाण पेश हुनुपर्ने | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | २२५।०७८।३।२२ | १३६१०५ | खरिद आदेश एउटै रहेकोमा २ टुक्रा गरी पटक पटक खरिद रेको अनियमित देखियो । | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | २२६।०७८।३।२२ | ६४००० | रु.२०००० भन्दा बढीको खरिद गर्दा मू.अ.कर विजकबाट नगरेको र खरिद आदेश दाखिला प्रतिवेदन समावेश नभएकोले प्रमाण पेश हुनुपर्ने | हस्तान्तरित कार्यक्र चालु तर्फ | |
| | | | २५१।०७८।३।२३ | ३००००० | पूर्वाञ्चल स्टेशनरी सेन्टरलाई भुक्तानी गरेकोमा सोझै खरिदको सीमा भन्दा बढीको खरिद कार्य गरेकोमा खरिद सम्बन्धी निर्णय प्रमाण समावेश नभएको अनियमित खर्च | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | [illegible]३।०७७।११।४ | ३७४८२० | खरिदको विल भरपाई प्राप्त भएपछि सम्झौता गरेको पार्टीलाई भुक्तानी गर्नुपर्नेमा फरक फरक व्यक्तिलाई भुक्तानी गरेको र विलको जोडजम्मा समेत फरक देखिएकोले पुन यकिन गरी प्रमाण पेश गर्नुपर्ने | नगरपालिका पूँजीगत | |
| | | | २७६।०७७।११।१४ | ४९० | सामाजिक सुरक्षा कर कट्टी नगरी भुक्तानि गरेकोले कर रकम असुल हुने | नगरपालिका पूँजीगत | |
| | | | ३८३।०७७।१२।२० | ४८००० | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम रु.२००००/- भन्दा बढिको खरिद गर्दा मू.अ.कर विजक वेगर गरेको अनियमित | नगरपालिका पूँजीगत | |
| | | | ५३४।०७८।२।१९ | १५०००० | सोझै खरिद गर्नुअघि लागत अनुमान स्वीकृती नगरेको अनियमित | नगरपालिका पूँजीगत | |
| | | | २८।०७८।१।२१ | १००००० | खर्च भौचर साथ रकम भुक्तानी गर्नुअघि खरिद कार्य गरी दाखिला गरेको र विल भरपाई समावेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने | लक्षीत वर्ग पूँजीगत | |
| | | | १३।०७७।९।२१ | २०३९०० | रकम भुक्तानी गर्नु अगावै सो सम्बन्धी निर्णय र स्वीकृत रकम समेत भिडान गर्नु पर्नेमा फरक देखिएकोले उक्त खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने | न.पा. शिक्षा | |
| | | | ५४।०७८।३।२४ | २०००० | बाल कल्याण अधिकारी उमानाथ ढकाल भुक्तानी दिएकोमा उक्त रकम भुक्तानी पाउने आधार प्रमाण कागजात समावेश नगरेको | न.पा. शिक्षा | |

७७.५

**कामको नापजाँच र भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण सम्बन्धी कामको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था तोकिएको छ । कार्यालयले विरिङ खोलालाई च्यानलाइजेशन गर्ने कामको योजना उल्लेख गरी उक्त कार्य गर्दा १०००० ट्रयाक्टर खोलाजन्य पदार्थ (RBM)अनुगमन गरी उक्त काममा खोलामा मेशिन राखी मेशिनले ट्रयाक्टरमा RBM लोड गर्न पालिकाको एक्साभेटर प्रयोग गर्ने र सो वापत रु.१०००००/- नगर स्तरीय योजनाहरु वडा नं. १, ९ र ७ वडा नं. २ तथा वडा नं. ३ र ४ को बजेटबाट नगरपालिकालाई अग्रिम १० प्रतिशत भुक्तानी गर्नुपर्ने शर्त सहित योजनाको लागत स्वीकृत गरेको छ । उक्त कार्य उपभोक्ता समितिबाट गराई निम्नानुसारको रु.४२६९२००/- भुक्तानी गरेको पाइयो ।

| भुक्तानी भौ.नं. | रकम | वडा नं. |
|---|---|---|
| ८०३।०७८।३।२५ | २०४१९०० | १, ९ र ७ |
| ८५६।०७८।३।२९ | ८९५६०० | २ |
| ८४१।०७८।३।२८ | १३३९१८० | ३ र ४ |

विरिङ खोलामा मेशिन राखी खोलाबाट सोझै नदीजन्य पदार्थ ट्रयाक्टरमा लोड गरी विभिन्न वडाका सडकमा पुर्‍याएको परिमाणको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेकोमा सडकको लम्बाई र चौडाई ग्राभेलको Thickness बाट गणना गरी लागत अनुमान स्वीकृत नगरेको, ट्रयाक्टर संख्या मात्र उल्लेख गरी ट्रयाक्टरको दरबाट रकम भुक्तानी गर्दा समितिले ग्राभेल विच्छाई Compaction (Roller) समेत गराएको र वास्तविक खपत भएको परिमाणबाट काम नापजाँच गरी विल तयार नगरेको पाइयो । मेशिनले ट्रयाक्टरमा लोड गरेको परिमाण र ट्रयाक्टरले वडाका बाटोमा पुर्‍याएको परिमाणको रेकर्ड राखी भिडान गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन । उपरोक्त अवस्थाले उत्खननको कार्य स्वीकृत सीमा भित्र रहे नरहेको यकिन गर्न सकिएन । स्वीकृत प्रकृया पुरा गरेर मात्र खर्च गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। | |
| ७९ | | | **सामाजिक सुरक्षा तथा संरक्षणतर्फः** | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| 1. | विभिन्न १४ विद्यालय | 18७ | १८१ | ३९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९.१ | विभिन्न | | **बढि भुक्तानीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरि भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने सम्बन्धि व्यवस्था छ । पालिकाबाट लेखापरीक्षणमा पेश भएको लगत कट्टा विवरणलाई आधार मानी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकोले थप छानबीन गरी असुल गर्नुपर्ने देखिएको रु... | ३५८,००० |

| **बैंक** | **वार्डनं** | **लाभग्राहीको नाम** | **ना.प्र.नं.** | **समूह** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| प्राईम बैंक | १ | नर्वदा काफ्ले | ७६७८ | जे ना एकल महिला | २४००० | पेन्सन जनाई लक २०७७।४।२ मा भएकोमा ३ वटै चौमासिकको भत्ता निकासा |
| | १ | मोहनलालराई | १६६३१६६४ | जे ना ७० माथि | ३३००० | पेन्सन जनाई लक २०७७।६।२ मा भएकोमा ३ वटै चौमासिकको भत्ता निकासा |
| | १ | बलनाथ खनाल | ९१५२५५ | जे ना ७०माथि | ९००० | प्रथम चौमासिकमा दोहोरो |
| | ८ | सिता देवीखनाल | ४३२।५ | जे ना एकल महिला | ८००० | पेन्सन जनाई लक २०७७।४।१ मा भएकोमा प्रथम चौमासिकको भत्ता निकासा |
| | ८ | रनमाया सम्बाहाम्फे | ५०३।११९३ | जे ना ७०माथि | १२००० | प्रथम चौमासिकमा दोहोरो |
| एन.आई.सि.एशिया | २ | शिव माया मुखिया | ३१९४५।१७१६ | विधवा | २४००० | पेन्सन जनाई लक २०७८।३।३१ मा भएकोमा ३ वटै चौमासिकको भत्ता निकासा |
| | ४ | डम्बरबहादुर मगर | ९१५२१९६६ | जे ना ७०माथि | ३००० | मृत्यु जनाई लक २०७८।२।३० मा भएकोमा तेश्रो चौमासिकको भत्ता निकासा |
| | ४ | नन्दी दनुवार | ९१५२२५७२ | जे ना ७०माथि | ६००० | मृत्यु जनाई लक २०७८।१।२० मा भएकोमा तेश्रो चौमासिकको भत्ता निकासा |
| मितेरी | ३ | नन्दकुमारी दाहाल | २२६७ | जे ना एकल महिला | २४००० | पेन्सन जनाई लक २०७८।३।३१ मा भएकोमा ३ वटै चौमासिकको भत्ता निकासा |
| | ३ | इश्वरीदेवी उप्रेती | ९१५२११६७ | जे ना ७०माथि | ६००० | मृत्यु जनाई लक २०७८।२।४ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा |
| | ३ | नरपति पाठक | ८५२४५५२४ | जे ना ७०माथि | ३००० | मृत्यु जनाई लक २०७७।२।२९ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्तानिकासा |
| | ३ | रबिलाल बास्कोटा | १०२२०६२४ | जे ना ७० माथि | ३००० | दोश्रो चौमासिकमा दोहोरो |
| नेपालबैंक लि | ७ | रण माया तामाङ | ४१०७४०५९२४ | जे ना ७०माथि | २४००० | मृत्यु जनाई लक २०७७।७।१५ मा भएकोमा दोश्रो र तेश्रो चौमासिकको भत्ता निकासा |
| **जम्मा** | | | | | **१७९०००** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९.२</td><td>विभिन्न</td><td></td><td>खर्च भिडानःसामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मास्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकलेतोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस समबन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७९.३</td><td>विभिन्न</td><td></td><td>लगत कट्टाःसामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको लगत कट्टाको तपसिलको विवरण कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरि लगत कट्टा हुनुपर्ने सबै लाभग्राहीको भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । लगत कट्टा समयमै अद्यावधिका गरि मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ ।
<table>
<tr><th>वडा नं</th><th>लगत कट्टा संख्या</th><th>वडा नं</th><th>लगत कट्टा संख्या</th></tr>
<tr><td>१</td><td>४३</td><td>६</td><td>१८</td></tr>
<tr><td>२</td><td>६२</td><td>७</td><td>४०</td></tr>
<tr><td>३</td><td>५४</td><td>८</td><td>६०</td></tr>
<tr><td>४</td><td>५६</td><td>९</td><td>४५</td></tr>
<tr><td>५</td><td>८७</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९.४ | विभिन्न | | **एम.आई.एस. विवरणः**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आईए स लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । नगरपालिकाबाट प्राप्त एम.आई.एसमूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेकोसमेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।<br>**प्रतिवेदनः**सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन ।<br>**करार व्यवस्थापन :**विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा पालिकाले वडा नं १ र ८ को प्राईम बैंक, २ र ४ एन आईसि एशिया बैंक, ३ मितेरी डेभलपमेण्ट बैंक, ५ सिद्धार्थ बैक, ६ सनराईज बैंक र ९ माछापुच्छ्रे बैकबाट मार्फत बितरण गरेको पाईयो । एक भन्दा बढी वडाको लाभग्राहीको सामाजिक सुरक्षा भत्ता बापतको रकम एउटै बैंकबाटनिकासा दिएको देखियो । रणनीतिमा भएको व्यवस्थाको पालना गरी भत्तावितरण हुनुपर्दछ । | |
| ८० | विभिन्न | | **सोझै खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(क) मा सोझै खरिद गर्न सकिने रकम तथा सिमा र १(ख) मा एक आर्थिक वर्षमा १(क) मा तोकिएको रकम सिमाबाट खरिद गर्न सकिने प्रकृया सम्बन्धि व्यवस्था छ । पालिकाले वार्षिक खरिद योजना स्वीकृत गरेको आधार देखाई दररेट मागको आधारमा निम्नानुसारका कृषि तथा अन्य सामग्री पटक पटक एकै फर्मबाट सोझै खरिद गरेको पाईयो । नियममा भएको व्यवस्थाको पालन गरेरमात्र प्रतिस्पर्धा बाट खरिद कार्य गर्नु गराउनु पर्दछ । | |

| भौ.नं. र मिति | खरिद सामग्री | भुक्तानी पाउने | खरिद रकम |
|---|---|---|---|
| २८०-०७७।११।१७ | मकै तथा मल | जिवन एग्रोभेट | ५३८५० |
| १७२-०७८।३।८ | मकै बिउ खरिद | जिवन एग्रोभेट | ४१०००० |
| ७८-०७८।३।२४ | कृषि जन्य सामग्री | जिवन एग्रोभेट | १६७८४२ |
| ८-०७७।८।१० | पशु जन्य सामग्री | भट्टराई एग्रोभेट सेन्टर | १८९११७ |
| १९-०७७।९।८ | पशु जन्य सामग्री | भट्टराई एग्रोभेट सेन्टर | २९९९९६ |
| ६१-०७८।३।२१ | पशु जन्य सामग्री | भट्टराई एग्रोभेट सेन्टर | १३५००० |
| २७-०७७।१०।२१ | पशु जन्य सामग्री | भट्टराई एग्रोभेट सेन्टर | ३२२०५५ |
| ६२-०७८।३।२० | स्वास्थ्य सामग्री | मेशिनेरिज नेपाल प्रा लि | ४७०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>७४४-०७८।३।२२</td><td>सिचाई मोटर</td><td>मेशिनेरिज नेपाल प्रा लि</td><td>३७००००</td></tr><tr><td>७४५-०७८।३।२२</td><td>सिचाई मोटर</td><td>मेशिनेरिज नेपाल प्रा लि</td><td>२३००००</td></tr><tr><td>२०-०७७।५।२६</td><td>कार्यालय सामान</td><td>पाउ पाथिभरा ट्रेड एण्ड सप्लायर्स</td><td>३८०२०६</td></tr><tr><td>४१२-०७७।१२।१२</td><td>कार्यालय सामान</td><td>स्वर्णिम इन्टरप्राईजेज</td><td>३१९४८९</td></tr><tr><td>४११-०७७।१२।१२</td><td>कार्यालय सामान</td><td>डिजाइन प्रिन्टिङ्ग एण्ड एड</td><td>१९८४०६</td></tr><tr><td>६६०-०७८।३।१४</td><td>ह्युमपाइप</td><td>पानस सिमेन्ट कन्कृट इण्डष्ट्रिज प्रा.लि.</td><td>२०००००</td></tr><tr><td>७७२-०७८।३।२३</td><td>ह्युमपाइप</td><td>पानस सिमेन्ट कन्कृट इण्डष्ट्रिज प्रा.लि.</td><td>४५४५३१</td></tr><tr><td></td><td>**जम्मा**</td><td></td><td>**४२००४९२**</td></tr></table> | |
| ८१ | विभिन्न | | **नन फाईलर**<br>मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका फर्मलाई मुल्य अभिवृद्धि कर रु.९७७८५/- समेत रु. ८४९९८५/- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनी ती फर्महरुले कर विवरण नबुझाई नन-फाइलर रहेको पाइयो । कानूनमा भएको व्यवस्था अनुसार कर विवरण नबुझाएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.<table><tr><td>भौ नं र मिति</td><td>फर्मको नाम</td><td>भुक्तानी रकम</td><td>मु.अ.कर रकम</td></tr><tr><td>५९६-०७८।३।२३</td><td>मुक्सान पब्लिकेशन ट्रेडर्स</td><td>४९९९८५</td><td>५७५२०</td></tr><tr><td>१९९-०७७।९।५</td><td>झापा नवयुग स्ट्रकचर्स एण्ड डिजाइनर्स प्रा.लि.</td><td>३५००००</td><td>४०२६५</td></tr><tr><td></td><td>जम्मा</td><td>८४९९८५</td><td>९७७८५</td></tr></table> | ९७,७८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | विभिन्न | | **विभिन्न कर कट्टी**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु. ३२०७९/- अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु. | ३२,०७९ |

| भौ नं. र मिति | करको प्रकार | भुक्तानी लिनेको नाम | भुक्तानी विवरण | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|---|
| ४२१-०७७।१२ | अग्रीम कर | टिरन्य प्रसाद अधिकारी | बहस खर्च | ४०००० | ६००० |
| ७९६-०७८।३ | अग्रीम कर | मेशिनेरिज नेपाल प्रा.लि. | च्यापकटर खरिद | २००००० | ३००० |
| ८३६-०७८।३ | अग्रीम कर | टंक प्रसाद गुरागाई | पारिश्रमिक भुक्तानी | ६०००० | ९००० |
| १४०-०७७।५ | अग्रीम कर | डाँफे होटल तथा माछा कर्नर | खाना बिल | १०४२९० | १४०७९ |
| | | जम्मा | | | ३२०७९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>(रु.हजारमा) | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| २६४६६ | ८४७१ | १७९९५ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छः

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | ०७५।७६ | ३१ | मू अ कर असुली | | ४३३४०३ | | | ४३३४०३ |
| २ | ०७६।७७ | १३ | आदेश बेगर मर्मतको प्रमाण पेश हुनुपर्ने रु | | ६८३७३९ | | | ६८३७३९ |
| ३ | ०७६।७७ | १५ | जिन्सी दाखिला बेगर भुक्तानी दिएको रकमको प्रमाण पेश हुनुपर्ने रु... | | १९३१४२२ | | | १९३१४२२ |
| ४ | ०७६।७७ | २० | बहाल कर | | ६००० | | | ६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ०७६।७७ | २३ | बहाल कर | | ४२३६८३ | | | ४२३६८३ |
| ६ | ०७६।७७ | ३३ | नाफामूलक संस्थालाई अनुदान दिएको रकम अनियमित रु | | ४४४०००० | | | ४४४०००० |
| ७ | ०७६।७७ | ३४(क) र (ख) | गैर सरकारी संस्थालाई अनुदान रकम असुल हुनुपर्ने रु | ५५५०० | | | | ५५५०० |
| ८ | ०७६।७७ | ३८ | जनश्रमदान असुल हुनुपर्ने रु | | २५४५६९ | | | २५४५६९ |
| ९ | ०७६।७७ | ५१ | जनश्रमदान असुल हुनुपर्ने रु... | | २९०७२ | | | २९०७२ |
| १० | ०७६।७७ | ६३ | पेश्की बाँकी | | १३५००० | | | १३५००० |
| ११ | ०७६।७७ | ६४ | आन्तरिक लेखापरीक्षणतर्फः | | ७८३७६ | | | ७८३७६ |
| जम्मा | | | | ५५५०० | ८४१५२६४ | ० | ० | ८४७०७६४ |

८४ अद्यावधिक वेरुजु

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

रु. हजारमा

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| २६४६६ | ८५७१ | ८४३०७ | | १०२२०२ |